**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**विज्ञापनको निम्ति सम्पर्क**
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ८० ★ ने. सं. ११४६ चौला गा, एकादशी ★ सोमबार ★ ३० चैत, २०८२ ★ April 13, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## अध्यक्ष बिजुक्छेँद्वारा रचित 'सय वर्षपछिको भक्तपुर' पुस्तकको परिचर्चा कार्यक्रम




भक्तपुर, २९ चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष, वरिष्ठ राजनीतिज्ञ एवं स्वप्नद्रष्टा नारायणमान बिजुक्छेँ (रोहित) द्वारा रचित 'सय वर्षपछिको भक्तपुर' पुस्तकको तेस्रो संस्करण आइतबार एक विशेष समारोहबिच सार्वजनिकीकरण भयो ।

उक्त पुस्तक पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ, भनपाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्ग, इतिहासविद् प्रा.डा. पुरूषोत्तमलोचन श्रेष्ठ, वरिष्ठ मानवशास्त्री प्रा.डा. सुरेश ढकाल, इन्जिनियर पद्मसुन्दर जोशी, सम्पदाविद् रवीन्द्र पुरी र भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले संयुक्तरूपमा सार्वजनिकीकरण गर्नुभयो ।

पुरातत्त्वविद्, इतिहासविद्, सम्पदाविद्, सम्पदासम्बन्धी जानकार इन्जिनियर, शिक्षाविद्, स्वास्थ्यविद्, बुद्धिजीवी, पूर्वजनप्रतिनिधि, लेखक, कवि, राजनीतिक कार्यकर्ता, समाजसेवी तथा सम्पदाप्रेमीहरू आदि सहभागी रहेको कार्यक्रममा भक्तपुर नगरपालिकाद्वारा प्रकाशित सो पुस्तकको परिचर्चा भएको थियो ।

उक्त कार्यक्रममा पुस्तकका लेखक एवं पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर विश्व सम्पदा सूचीमा परेको उल्लेख गर्दै कला र संस्कृतिमा संरक्षित सांस्कृतिक भक्तपुर बनाउने ध्येयले भक्तपुरलाई 'टेस्ट ट्युब' को रूपमा 'सय वर्षपछिको भक्तपुर' लेख लेख्नुभएको बताउनुभयो ।

बिचमा कुनै बाधा व्यवधान भएन भने सय वर्षमा सपना साकार हुने विश्वास व्यक्त गर्दै उहाँले उक्त अवधारणा सफल पार्न सांस्कृतिक नगर बनाउने विधेयक संसद्मा प्रस्तुत गरेको स्मरण गराउनुभयो ।

सांस्कृतिक नगर बनाउने क्रममा विभिन्न प्रक्रिया अघि बढाउँदा ऐन कानुनको अभावले नपामा समस्या आउने हुँदा सांस्कृतिक नगर बनाउनेसम्बन्धी विधेयक पेस गरेको उहाँले बताउनुभयो ।

सङ्ग्रहालयलाई शिक्षालयको रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले चिडियाखानाको अभावमा पशुपन्छी लोप हुने खतरा हुन्छ भन्नुभयो ।

भक्तपुर सानो नगर, सानो जिल्ला, निश्चित भाषाभाषी तथा जनजातिहरूको स्थल, राजधानीबाट नजिक भएकोले काम गर्न सजिलो हुने हुँदा उक्त अवधारणा पूरा हुने विश्वास व्यक्त गर्दै उहाँले उक्त सङ्कल्प देशकै निम्ति काम लाग्ने बताउनुभयो ।

पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षणलाई केन्द्रबिन्दुमा राखेर प्रकाशित पुस्तक गुरुयोजनाको रूपमा रहेको उल्लेख गर्दै कला, संस्कृति र सम्पदाको संरक्षण भक्तपुरमा जस्तै हुनुपर्ने विचार जिल्ला-जिल्लामा पुगेको बताउनुभयो ।

उक्त पुस्तकलाई आधार मानेर भक्तपुर नपाले गरिरहेको काम सराहनीय भएको र उक्त कदम अरू नपाले पनि अनुशरण गर्नुपर्ने आवश्यकता औँल्याउँदै मठ मन्दिरजस्ता सम्पदा निर्माणमा सहुलियत दरमा काठ खरिद गर्न सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले नेपालको सांस्कृतिक पुन:जागरणका संवाहक नारायणमान बिजुक्छेँद्वारा रचित यो पुस्तक राजनीतिक, प्रशासनिक, सांस्कृतिक, धार्मिक, पुरातात्त्विक आदि हिसाबले यो पुस्तक संसारकै लागि मूर्त अमूर्त सम्पदा संरक्षण गर्ने मार्ग निर्देशकको रूपमा रहने बताउनुभयो ।

सत्ता पल्टे पनि संस्कृति समाप्त नहुने उल्लेख गर्दै उहाँले पुस्तकको अवधारणालाई व्यवहारमा ल्याउन भक्तपुर नपाले काम थालिरहेको विचार व्यक्त गर्दै भन्नुभयो, "हतियारले सत्ता कब्जा गरे पनि त्यो ठाउँको मानिसको कला संस्कृति कब्जा गर्न सक्दैन ।"

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुस्तकप्रति जनचासो बढ्दै गएको उल्लेख गर्दै त्यसैका आधारमा भक्तपुर नगरपालिकाले यसको प्रकाशन गर्ने निष्कर्षमा पुगेको र आज उक्त पुस्तक सार्वजनिक गरिएको जानकारी दिनुभयो ।

उहाँले पुस्तकमा भक्तपुरको भविष्यसँग सम्बन्धित शिक्षा, स्वास्थ्य, सरसफाइ, पर्यटन, सम्पदा संरक्षण, यातायातलगायतका विषयहरू समेटिएको र नगरको जनशक्तिलाई कार्यान्वयनतर्फ अग्रसर हुन निर्देश गरिएको छ भन्नुभयो ।

उपप्रमुख रजनी जोशीले देशको कला, संस्कृति र समग्र विकासको परिकल्पनालाई आधार मानेर उक्त पुस्तक तयार गरिएको उल्लेख गर्नुभयो ।

*बाँकी पृष्ठ ८ मा*

## "नेपालमा सुविधा सम्पन्न विद्यालय बनाउनेतिर सरकारको ध्यान गएको छैन"



भक्तपुर, २९ चैत्र १९ गते । "कतिपय देशमा विद्यालय र कलेजको लागि आवश्यक खेल मैदान र भवनको व्यवस्था सरकारबाटै गरिएको हुन्छ । नेपालमा सरकारहरूको ध्यान यतातिर गएको छैन ।"

उक्त भनाई नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रभात इङ्गलिश सेकेन्डरी स्कूल व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले विद्यालयद्वारा आइतबार आयोजित बिस्का: जात्रा तथा नव वर्ष २०८३ को शुभकामना आदान प्रदान कार्यक्रम-२०८२ मा शुभकामना मन्तव्यको क्रममा व्यक्त गर्नुभएको हो ।

शिक्षकहरूले विद्यार्थीहरूलाई शुद्ध लेख्न र बोल्न सिकाउन आफूहरू पनि त्यतिकै सक्षम हुनु आवश्यक भएको र यसको लागि विद्यालयले आवश्यक तालिम सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "शिक्षकहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषय अध्ययन गरी विद्यार्थीलाई पनि बताउनु जरूरी छ । भदौ २३ गतेको हत्या गर्ने र भदौ २४ गतेको आगजनीका दोषीहरूबारे पनि शिक्षकहरू जानकार हुनुपर्दछ ।"

"नेमकिपाको घोषणापत्रअनुसार ख्वप कलेज, ख्वप अस्पताल र व्यवस्थित आवास विकास योजनाहरू सञ्चालन भएका हुन् । यसले जनताको हित भइरहेको यथार्थ सबैले बुझ्नु आवश्यक छ", उहाँले प्रस्ट पार्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अर्का सदस्य एवं वाग्मती प्रदेश सभाका सदस्य सिर्जना सैंजुले कक्षा ५ सम्म कुनै परीक्षा सञ्चालन नगर्ने, बैशाख १५ गतेमात्र शैक्षिक सत्रको भर्ना अभियान सुरू गर्ने, वैशाख २१ गतेबाट पठनपाठन सुरू गर्ने, शनिबार र आइतबार बिदा गर्ने निर्णय कामगरी खाने वर्गका निम्ति अव्यवहारिक हुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा विद्यालयका प्राचार्य बदनकेशरी प्रजापति, सहायक प्राचार्य स्वर्णिमा मूल, ब्लक बी इन्चार्ज मिरा दुगुजु, ब्लक ए इन्चार्ज सुजाता ध्वँजू र शिक्षक लिना लासिवाले पनि शुभकामना व्यक्त गर्नुभएको थियो ।

**मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।**

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## लन्डनको प्रदर्शनमा सयौँ प्यालेस्टिन समर्थक पक्राउ

लन्डन, २९ चैत (एएफपी) । बेलायतको राजधानी लन्डनमा प्यालेस्टिन समर्थक प्रदर्शनमाथि कडा प्रहरी हस्तक्षेप हुँदा ५ सयभन्दा बढी प्रदर्शनकारी पक्राउ परेका छन् । प्रतिबन्धित समूह 'प्यालेस्टिन एक्सन' को समर्थनमा ट्राफलगर स्क्वायरमा शनिबार आयोजित सिट-इन प्रदर्शनलाई नियन्त्रणमा लिन प्रहरीले व्यापक गिरफ्तारी अभियान चलाएको हो ।

मेट्रोपोलिटन प्रहरीले दिएको जानकारीअनुसार मध्यरातसम्म १८ देखि ८७ वर्ष उमेर समूहका कुल ५२३ जनालाई नियन्त्रणमा लिइएको छ । प्रदर्शनकारीहरू उक्त प्रतिबन्धित समूहको




समर्थनमा प्लेकार्ड बोकेर भेला भएका थिए, जसलाई बेलायती कानूनअनुसार आपराधिक गतिविधिको रूपमा लिइन्छ ।

प्रहरीले प्रदर्शनकारीहरूलाई नियन्त्रणमा लिँदा अन्य सहभागीहरूले जयजयकार र ताली बजाएर समर्थन जनाएका थिए ।

'प्यालेस्टिन एक्सन' लाई गत जुलाईमा आतङ्कवादी सङ्गठनको सूचीमा राखिएको थियो, जसअन्तर्गत यसको समर्थन वा सदस्यता लिनु गम्भीर अपराध मानिन्छ । यद्यपि, लन्डनको उच्च अदालतले फेब्रुअरीमा उक्त प्रतिबन्धमाथि प्रश्न उठाउँदै यसले अभिव्यक्ति स्वतन्त्रतामा हस्तक्षेप गरेको ठहर गरेको थियो । सरकारलाई त्यस निर्णयविरुद्ध अपिल गर्ने अनुमति दिइएको छ ।

उच्च अदालतको निर्णयपछि केही समय गिरफ्तारी रोकिएको भए पनि मेट्रोपोलिटन प्रहरीले मार्च अन्त्यतिर पुन: कडाइ सुरु गर्ने घोषणा गरेको थियो ।

*बाँकी पृष्ठ २ मा*

# “जात्रा संस्कृतिमा पनि इन्जिनियरिङ छ”




भक्तपुर, २९ चैत। बिस्का जात्रा तथा नयाँ वर्ष २०८३ को अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम आइतबार सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख तथा कलेज व्यवस्थापन समितिका उपाध्यक्ष रजनी जोशीले ‘सय वर्षपछिको भक्तपुर’ प्रकाशनको चर्चा गर्दै उक्त पुस्तकलाई भक्तपुरका सम्पदाहरूको पुनर्निर्माण तथा पुन:संरचनाका लागि मार्गदर्शकका रूपमा उपयोग गरिएको उल्लेख गर्नुभयो।

उहाँले यातायात इन्जिनियरिङ, संरचनात्मक इन्जिनियरिङ, भूकम्प इन्जिनियरिङ, ट्राफिक इन्जिनियरिङ तथा सामाजिक इन्जिनियरिङजस्ता क्षेत्रहरूको महत्त्वमा जोड दिँदै बिस्का जात्राको सांस्कृतिक आवश्यकता औँल्याउनुभयो।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माकले नयाँ वर्षलाई दिन र रातको सन्तुलनको प्रतीकका रूपमा मनाइने र यसले समन्वय तथा नवप्रेरणाको सन्देश दिने बताउनुभयो।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले व्यक्तिमुखी छलफल कहिलेकाहीँ प्रतिकूल हुनसक्ने भन्दै संस्थागत विकासतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले चुनौतीहरूलाई अवसरको रूपमा स्वीकार गर्दै गुणस्तर अभिवृद्धिमा अग्रसर हुन प्रेरित गर्नुभयो।

उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँ र ई. रत्नशोभा प्रजापतिलगायतका विभाग तथा शाखा प्रमुखहरूले २०८२ सालमा हासिल भएका प्रमुख उपलब्धि तथा प्रगतिबारे जानकारी दिनुभयो।

# नेमकिपा देश र जनताको नि:स्वार्थ सेवा गर्दै आएको पार्टी

भक्तपुर, २९ चैत। बिस्का जात्रा र नयाँ वर्ष २०८३ को शुभकामना तथा फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा नेमकिपालाई सहयोग गर्नु हुने महानुभावहरूलाई आइतबार धन्यवाद ज्ञापन कार्यक्रम गरेको छ।

नेमकिपा भनपा वडा नं. २ एकाइ समितिको आयोजनामा भएको उक्त कार्यक्रममा पार्टी सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टीको निर्वाचन चिह्न ‘मादल’ मा छाप हाल्ने सबैलाई धन्यवाद ज्ञापन गर्दै नेमकिपा देश र जनताको नि:स्वार्थ सेवा गर्दै आएको पार्टी भएको बताउनुभयो।

उहाँले भन्नुभयो, “नेमकिपाले चुनाव जित्न झुटा आश्वासन दिने, आतङ्क मच्चाउने, कुनै शक्तिको सामु झुक्ने गर्दैन। नेमकिपाले निर्वाचनमा घोषणापत्रअनुसार जनतासँग मत मागेको हो।”

नेपालीलाई योग्यताअनुसार काम र कामअनुसारको पारिश्रामिकको व्यवस्था गर्न नेमकिपाको घोषणापत्र नै कार्यान्वयन हुनु आवश्यक भएको उहाँले बताउनुभयो।

सचिव सुवालले भन्नुभयो, “भक्तपुर सांस्कृतिक नगर र विश्व सम्पदा सूचीभित्र परेको सहर हो। यसको संरक्षणमा सबै नेपाली सचेत हुनु आवश्यक छ। व्यवस्थित आवास विकास संसारको सबै देशमा भइरहेको छ, नेपालमा पनि हुनु स्वभाविक हो।”

उहाँले भन्नुभयो, “संरा अमेरिकी ट्रम्प प्रशासनले इरानको इन्धन कब्जा गर्न इरानमा सैनिक हमला गरेको हुँदा विश्वमै इन्धन र खाद्यान्न अभाव भयो। नेपालमा पनि इन्धनको मूल्य बढ्यो। यसको दोषी ट्रम्प प्रशासन नै हो। इरानले ट्रम्प प्रशासनलाई गतिलै जवाफ पनि दियो। यसबाट आक्रोशित ट्रम्प प्रशासनले इरानलाई ढुङ्गे युगमा फर्काउने र इरानको सभ्यता नष्ट पार्ने धम्की दियो। यसपछि लाखौँ लाख इरानी जनता देशको रक्षा गर्न झनडा बोकेर सडकमा ओर्लेर ट्रम्प प्रशासनलाई जवाफ दिए। यो घटनापछि नेपालमा चर्चा चल्यो, “भदौ २४ गते केही नेपाली देशको झण्डा बोकेर देश जलाउनेमा लागे इरानका जनता झण्डा बोकेर देश रक्षा गर्न लागे।”

सचिव सुवालले भन्नुभयो, “बेलायती लेखक ध्य क्ष्फभचकभत :बगनजबल ले भनेका छन् - पाँच करोड मानिसले समर्थन गरे पनि मूर्खतापूर्ण कुरा सत्य हुँदैन। नेपालमा निर्वाचनपछिको सरकारलाई यही रूपमा हेरिँदैछ। नयाँ सरकार गठनसँगै विदेशी ऋण अर्बौं रूपैयाँ बढ्यो, महँगी बढ्यो, शैक्षिक अराजकता बढ्यो। नयाँ सरकार पनि पुरानै सरकारको निरन्तरता भयो। जनतालाई योग्यताअनुसार काम र कामअनुसार पारिश्रामिकको व्यवस्था गरिएमात्र नयाँ सरकारको छनक देखिनेछ।”

भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनीका दोषीहरूलाई कारवाही हुनु आवश्यक भएको र दोषीलाई कार्वाई नभए नेपालमा अराजकता बढ्ने उहाँले उल्लेख गर्नुभयो।

सचिव सुवालले भन्नुभयो, “प्रजग कोरिया युद्धविरोधी र आत्मनिर्भर देश हो भने त्यहाँ योग्यतानुसार रोजगारी र रोजगारीअनुसार पारिश्रामिकको व्यवस्था छ। शिक्षा-स्वास्थ्य नि:शुल्क गरी भूउपग्रहसमेत पटक पटक उडाएको प्रजग कोरियाको सरकारलाई विरोध गर्नुपर्ने कुनै कारण छैन। नेपालका शासकहरू प्रजग कोरियाको विरोध गरी आफ्नो अयोग्यता प्रदर्शन गर्दै छन्।”

समाजसेवा विनोदचरण रायले नेपालको राजनीतिमा नेमकिपाको योगदान उल्लेखनीय भएको र यो सत्यलाई नेपाली जनताले बुझ्नु आवश्यक छ भन्नुभयो

भदौ २४ गतेको आगजनीमा संलग्नहरू जनताका प्रतिनिधि हुन नसक्ने स्पष्ट पार्दै उहाँले भन्नुभयो, “भदौ २३ गतेको हत्याका दोषीहरूलाई कार्वाई हुनु आवश्यक छ। निर्वाचनमा सामाजिक सञ्जालको आतङ्कबारे नेपाली जनता सचेत हुनु जरूरी छ।”

रवीन्द्र खर्बुजाको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा भनसका नारायणप्रसाद त्वानावासु, रामसुन्दर भेले र गणेशप्रसाद सुवाललगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो।

# शिक्षा र स्वास्थ्य जनताको नैसर्गिक अधिकार

भक्तपुर, २९ चैत। हंसवाहिनी आधारभूत विद्यालयको ७४ औँ वाषिकोत्सवको अवसरमा अभिभावक, शिक्षक सम्मान तथा पुरस्कार वितरण कार्यक्रम आइतबार सम्पन्न भयो।

उक्त कार्यक्रममा भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले शिक्षा र स्वास्थ्य जनताको नैसर्गिक अधिकार भएकोले नगरपालिकाले ख्वप अस्पतालको सेवा सञ्चालन गर्नुको साथै घरदैलो नर्सिङ सेवा दिँदै आएको बताउनुभयो।

शिक्षाप्रेमी हिमालयश्वर मूलले सामुदायिक विद्यालयको शैक्षिक स्तरोन्नतिको लागि आर्थिक एवं भौतिक विकासको महत्त्वपूर्ण भूमिका निभाउनुपर्ने बताउनुभयो।




नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले देशको समग्र शिक्षा विकास तथा बालबालिकाहरूको चौतर्फी विकासको लागि शैक्षिक, भौतिक, सामाजिक, आर्थिकलगायत विषयमा नेपाल सरकार गम्भीर भएर शिक्षामा लगानी बढाउनुपर्ने बताउनुभयो।

कार्यक्रममा प्र.अ. सूर्यबहादुर फोजूले प्रतिवेदन प्रस्तुत गर्नुभयो भने श्रीया पहिजू र लक्ष्मीश्वरी कर्माचार्यले पनि बोल्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालको सभापतित्वमा भएको कार्यक्रममा रत्नलक्ष्मी दुवाल, लक्ष्मीश्वरी कर्माचार्य, लक्ष्मीबहादुर गुरुङ सम्मानित हुनुभयो। कार्यक्रममा शैक्षिक सत्र २०८२ को कक्षागत र अतिरिक्त क्रियाकलापहरूको पुरस्कार वितरण भएको थियो।

# सहकारीमा निर्णय प्रक्रिया अस्पष्ट हुँदा सुशासनमा चुनौती

भक्तपुर, २९ चैत। भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.ले आफ्ना सदस्य संस्थाहरूका लागि ‘निर्णय लेखन तालिम’ सम्पन्न गरेको छ। सहकारी ऐन, नियम र सिद्धान्तअनुरूप संस्थाका बैठकका निर्णयलाई कानुनी र व्यावहारिक रूपमा सवल बनाउने उद्देश्यले सो तालिम आयोजना गरिएको हो।

राधेराधेस्थित रोयल थाई हस्पिटालिटीमा शनिबार आयोजित तालिममा वाग्मती प्रोस्कुनका प्रमुख कार्यकारी अधिकृत केशवप्रसाद दाहालले तालिमको सहजीकरण गर्नुभएको थियो।

तालिमको समापन समारोहमा सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले धेरैजसो सहकारीको अनुगमन गर्दा निर्णयहरू पूर्ण नभएको र अस्पष्ट पाइएकोमा चिन्ता



व्यक्त गर्नुभयो। “सहकारीको ऐन, नियम र सिद्धान्तअनुसार निर्णय लेख्नुपर्छ। निर्णय स्पष्ट र पारदर्शी भए सहज हुन्छ र संस्थाको जवाफदेहिता बढ्छ,” अध्यक्ष बल्लले भन्नुभयो।

कार्यक्रमका सभापति, सङ्घका सञ्चालक एवं तालिम व्यवस्थापन उपसमितिका संयोजक राजकुमार लघुले जिल्ला सङ्घले सधैँ सहकारीहरूको संवर्द्धन र प्रवर्द्धनको लागि काम गर्दै आएको चर्चा गर्नुभयो। तालिमबाट प्राप्त ज्ञानले कार्यालय सञ्चालन र वैधानिक कागजात तयार पार्न कोसेढुङ्गा साबित हुने उहाँको विश्वास थियो।

समापन समारोहमा तालिम व्यवस्थापन उपसमितिका सदस्य सत्यनारायण पक्काले स्वागत मन्तव्य राख्नुभएको थियो। उपसमिति सदस्य भीमसेन श्रेष्ठले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभएको थियो।

तालिममा सहभागी इन्दिरा पोखरेल र केपी सुवालले आफूहरूले खोजेको र नबुझेको विषयमा स्पष्ट हुन पाएकोमा खुसी व्यक्त गर्नुभयो।

***लन्डनको...***

त्यसयता प्रदर्शनहरूमा पक्राउ पर्नेको सङ्ख्या तीव्र रूपमा बढेको छ। प्रहरीका अनुसार प्रतिबन्ध लागू भएयता झन्डै तीन हजार जना पक्राउ परिसकेका छन् र सयौँमाथि औपचारिक आरोप लगाइएको छ।

प्रदर्शनमा सहभागीहरूले भने आफ्नो गतिविधिलाई नैतिक कर्तव्यका रूपमा व्याख्या गरेका छन्। प्रदर्शनको अग्रपङ्क्तिमा बसेकी लन्डनकी २८ वर्षीया फ्रेयाले सरकारको नीतिको विरोध गर्न निरन्तर उपस्थिति जनाउनु आवश्यक रहेको बताउनुभयो। उहाँले गाजामा भइरहेका घटनाप्रति आवाज उठाउनु नैतिक जिम्मेवारी भएकामा जोड दिनुभयो।

एडिनबर्गबाट आएका ७३ वर्षीय डेनिस म्याकडर्मोटले आफू पहिले पनि पक्राउ परिसकेको तर फेरि प्रदर्शनमा आउन हिचकिचाएको छैन भनी बताउँदै न्यायिक प्रक्रिया स्पष्ट भएको भए यस्ता आन्दोलन आवश्यक नपर्ने धारणा राख्नुभयो। उहाँले अन्य प्रदर्शनकारीतर्फ सङ्केत गर्दै आफू उनीहरूको पक्षमा रहेको बताउनुभयो।

प्रदर्शन आयोजक ‘डिफेन्ड आवर ज्युरी’ ले भने शनिबारको कार्यक्रममा सयौँ मानिस सहभागी भएको दाबी गर्दै बेलायत सरकारले गाजासम्बन्धी नीतिमा खेलेको भूमिकाको विरोध गरिएको जनाएको छ। शान्तिपूर्ण विरोधमाथि भइरहेको कडाइलाई ‘गलत दमन’ का रूपमा चित्रण गरिएको छ।

मानव अधिकार संस्था एम्नेस्टी युकेले पनि प्रहरी कारबाहीको आलोचना गर्दै यसलाई नागरिक स्वतन्त्रतामाथिको अर्को प्रहार भनेको छ। संस्थाले विशेषगरी वृद्ध तथा कमजोर व्यक्तिहरूसमेत पक्राउ परेको घटनालाई उल्लेख गर्दै यसले सरकारको असफल नीतिलाई दोहोऱ्याएको आरोप लगाएको छ।

प्यालेस्टिन एक्सनमाथिको प्रतिबन्धले बेलायतमा व्यापक बहस निम्त्याएको छ। उक्त सूचीमा पहिले नै हमास र लेबनानको हिजबुल्लाहजस्ता समूहहरू समावेश छन्। अदालतले यस समूहसँग सम्बन्धित सबै मुद्दाहरूको सुनुवाइ अस्थायी रूपमा रोकेको छ र जुलाई ३० मा विस्तृत पुनरावलोकन गर्ने तयारी गरिएको छ।

सन् २०२० मा स्थापना भएको प्यालेस्टिन एक्सनले आफूलाई इजरायलसँग सम्बन्धित सैन्य तथा औद्योगिक संरचनाविरुद्ध अभियान चलाउने समूहको रूपमा प्रस्तुत गर्दै आएको छ। यसको गतिविधि विशेषगरी इजरायली रक्षा कम्पनी एल्बिट सिस्टमसँग सम्बन्धित संरचनाहरू लक्षित रहेको बताइएको छ।

## विश्व सङ्क्षेप

# आइतबार वनस्पति दिवसः हरित अर्थतन्त्रको विकासमा जोड

काठमाडौँ, २९ चैत । 'समृद्धिका लागि वनस्पति' नारासहित आइतबार देशका विभिन्न भागमा विविध कार्यक्रमका साथ २७ औँ वनस्पति दिवस मनाइँदै छ । आइतबारै वनस्पति विभागले वन तथा वातावरणमन्त्री गीता चौधरीको उपस्थितिमा आफ्नो स्थापनाको ६६ औँ वार्षिकोत्सव पनि मनाउँदै छ । यस अवसरमा जडीबुटी संरक्षण, अनुसन्धान, प्रवर्द्धन तथा व्यवसायीकरणसम्बन्धी अन्तरक्रिया, प्रदर्शनी र सम्मान कार्यक्रमहरू आयोजना गरिने विभागले जनाएको छ ।

साथै देशका विभिन्न भागमा वृक्षारोपण, चेतनामूलक कार्यक्रम, जडीबुटी प्रदर्शनी तथा कृषक अभिमुखीकरण कार्यक्रम गरिने जनाइएको छ ।

वनस्पति दिवसले जैविक विविधताको संरक्षण, हरियाली प्रवर्द्धन तथा जडीबुटीमा आधारित अर्थतन्त्रको विकासमा जोड दिएको छ । *(रासस)*

# अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष उडान दिवस आइतबार

काठमाडौँ, २९ चैत । मानव सभ्यतामा अन्तरिक्ष युगको सुरुआतको स्मरण गर्दै आइतबार अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष उडान दिवस आइतबार विश्वका विभिन्न मुलुकमा विविध कार्यक्रमका साथ मनाइँदैछ ।


सन् २०११ अप्रिल ७ मा संयुक्त राष्ट्रसङ्घको महासभाले यससम्बन्धी प्रस्ताव पारित गरेर प्रत्येक वर्ष अप्रिल १२ लाई अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष उडान दिवसका रूपमा मनाउने निर्णय भएको हो । यो दिवसले अन्तरिक्ष विज्ञान तथा प्रविधिको योगदानलाई स्मरण गर्दै दिगो प्रविधिका माध्यमबाट विकास लक्ष्य हासिल गर्न तथा जनताको जीवनस्तर उकास्न जोड दिएको छ ।

सन् १९६१ अप्रिल १२ मा सोभियत नागरिक युरी गागरिनले पहिलोपटक अन्तरिक्ष उडान सम्पन्न गर्नुभएको थियो । उहाँ पृथ्वीको परिक्रमा गर्ने पहिलो मानव बन्नुहुँदा अन्तरिक्ष अन्वेषणको नयाँ युगको सुरुआत भएको मानिन्छ ।

त्यसअघि सन् १९५७ अक्टोबर ४ मा पहिलो मानव निर्मित पृथ्वी उपग्रह 'स्पुतनिक-१' अन्तरिक्षमा प्रक्षेपण गरिएको थियो । यसबाट अन्तरिक्ष अन्वेषणको मार्गप्रशस्त भएको थियो । त्यसपछिका दशकहरूमा मानव अन्तरिक्ष यात्रामा उल्लेखनीय उपलब्धि हासिल भएका छन् ।

सन् १९६३ जुन १६ मा भ्यालेन्टिना तेरेश्कोभा अन्तरिक्षमा पुग्ने पहिलो महिला बन्नुभयो भने सन् १९६९ जुलाई २० मा नील आर्मस्ट्रङले चन्द्रमाको सतहमा पाइला टेक्ने पहिलो मानवको इतिहास रच्नुभयो । सन् १९७५ जुलाई १७ मा अपोलो र सोयुज अन्तरिक्ष यान जोडेर पहिलोपटक योजनाबद्ध अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष अभियान सफल भएको थियो ।

संयुक्त राष्ट्रसङ्घले अन्तरिक्ष अन्वेषण र यसको उपयोग मानवजातिको साझा सम्पत्ति भएको उल्लेख गर्दै त्यसको लाभ सबै राष्ट्रसम्म पुर्‍याउनुपर्नेमा जोड दिएको छ । *(रासस)*



**निर्माणाधीन झोलुङ्गेपुल**
कैलालीको टीकापुर दौलतपुर हुँदै बर्दिया राजापुर नगरपालिकासँग जोड्न कर्णाली नदी माथि निर्माण भइरहेको झोलुङ्गेपुल । *तस्बिर: झलनाथ खनाल/रासस*

# सर्वसुलभ सहकारीमा शुभकामना कार्यक्रम




भक्तपुर, २९ चैत । सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि. को आयोजनामा नयाँ वर्ष २०८३ र बिस्का: जात्राको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम आइतबार सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका सल्लाहकार कृष्णभक्त लवजुले सर्वसुलभ साकोस बजारमा कृतिम अभाव हुन नदिन, खाद्य संस्कृति विकास गर्न र बजारमा अस्वाभाविक मूल्यवृद्धिमा निरुत्साहित गर्न नमुना उपभोक्ता सहकारी बनाउने उद्देश्यका साथ स्थापना भएको हो भन्नुभयो ।

उहाँले सामूहिक भावना विकास गरी कम नाफामात्र लिएर सेवामूलक सहकारीको रूपमा सञ्चालन भएकोमा खुसी व्यक्त गर्नुभयो ।

कर्मचारीहरूको अनुशासन, सञ्चालक समितिको नीति निर्माण तथा सेवा भावले संस्था दिगो हुने उहाँले बताउनुभयो ।

संस्थाका सल्लाहकार एवं संस्थापक अध्यक्ष कृष्णगोविन्द लाखाजुले नयाँ वर्ष २०८३ र बिस्का: जात्राको उपलक्ष्यमा शुभकामना मन्तव्य दिनुभयो ।

संस्थाका कोषाध्यक्ष नारायणमान वनमालाले संस्थाको कारोबारसम्बन्धी जानकारी गराउँदै संस्थाको सेवा सुविधा बिहान ७ बजेदेखि बेलुका ९ बजेसम्म उपभोक्ताहरूलाई विभिन्न खाद्य तथा दैनिक सामानहरू सहज रूपमा सेवा गरी उचित मूल्यमा बिक्री वितरण गरिएको जानकारी गर्नुभयो ।

संस्थाका अध्यक्ष लक्ष्मीप्रसाद लाखाको सभापतित्वमा भएको कार्यक्रममा संस्थाका उपाध्यक्ष बद्रीप्रसाद माकले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा भित्तेपात्र क्यालेन्डर विमोचन गरिएको थियो ।

# नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति भक्तपुरद्वारा शिक्षक दिवस




भक्तपुर, २९ चैत । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा ४७ औँ शिक्षक दिवस शिक्षकहरूमाझ प्रवचन कार्यक्रम गरी मनाइयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं नेपाल प्राध्यापक समाजका अध्यक्ष सरोजराज गोसाईले आन्दोलनकै जगबाट आजको समाज सिर्जना भएको बताउनुभयो । हरेक परिवर्तनको पछाडि आन्दोलन र सङ्घर्षको योगदान रहने बताउँदै विगतको सङ्घर्षलाई स्मरण गर्नुपर्ने बताउनुभयो ।

नेपालका शासक दलहरूले समयमा विचार गर्न नसक्नाका कारण भदौ २३ र २४ गतेको घटना घटेको बताउँदै उक्त घटनाको जिम्मेवारी शासक दलले लिनुपर्ने कुरा बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीले नेपालको विकास नहुनुको पछाडि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको मुख्य हात रहेको हुँदा यस विषयमा सूक्ष्म र गम्भीर अध्ययन गर्नुपर्ने बताउँदै शिक्षकहरूले जुनसुकै नयाँ कुरालाई गम्भीर छलफल गरी त्यस विषयमा आआफ्नो धारणा स्पष्ट गर्नुपर्ने बताउनुभएको थियो ।

कार्यक्रमका अतिथि नेपाल क्रान्तिकारी शिक्षक सङ्घ केन्द्रीय समितिका कोषाध्यक्ष चक्रबहादुर चाकतुले अहिलेको शिक्षकहरूले जति पनि पाएका पेसागत सेवा र सुविधा विगतको शिक्षक आन्दोलनको परिणाम भएको बताउँदै अहिले सरकारले शैक्षिक क्षेत्रमा ल्याएको अराजकताको विरोध गर्दै नयाँको नाममा असान्दर्भिक नीतिको विरोध गर्नुपर्ने बताउनुभयो ।

उहाँले अहिले सुविधा जस्तो देखिने सरकारको नीतिले कालान्तरमा शिक्षण पेसामा चुनौती आउने कुरामा सचेत गर्नुभएको थियो । उहाँले विगतमा शिक्षकहरूको सेवा, सुविधा र हक अधिकारको लागि भएको शिक्षक आन्दोलनको विश्लेषण गर्दै शिक्षक आन्दोलन अहिलेको सन्दर्भमा पनि उति नै आवश्यक रहेको बताउनुभयो ।

उहाँले अहिलेको सरकारले शैक्षिक क्षेत्रमा दुई दिनको बिदा र नयाँ शैक्षिक सत्रको सुरुवातमा ल्याएको अन्योलताले शैक्षिक क्षेत्र अस्तव्यस्त हुने बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ चाँगुनारायण नगर समितिका अध्यक्ष नारायणप्रसाद दुलाल, नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष विष्णुप्रसाद दुमरु र नेपाल क्रान्तिकारी शिक्षक सङ्घ सूर्यविनायक नगर समितिका प्रतिनिधि राजेश छुकांले पनि शिक्षक आन्दोलन र शैक्षिक सत्रको सुरुवातको विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रम नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाको सभापतित्वमा भएको थियो ।

कार्यक्रममा समितिका उपाध्यक्ष घनश्याम खड्काले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रम सञ्चालन समितिका सचिव राजन लाखाजुले गर्नुभएको थियो ।

# एक वर्षमा सात हजार ६४८ विपद्का घटना सबैभन्दा बढी आगलागीका

काठमाडौँ, २९ चैत । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार एक वर्षको अवधिमा कुल सात हजार ६४८ वटा विपद्का घटना हुँदा आगलागी र डढेलोसँग जोडिएका घटना सबैभन्दा बढी छन् ।

कुल विपद्का घटनामा सबैभन्दा धेरै आगलागीका घटना हुनुले पनि सावधानीका लागि सरकारी निकायले पनि उत्तिकै चासो र सक्रियता देखाउनुपर्ने आवश्यकता बढेको छ ।

आगलागी र त्यससँग जोडिएका घटना न्यूनीकरणका लागि विशेष सावधानी अनपाउनुपर्ने प्राधिकरणको तथ्याङ्कले देखाएको छ । ठुलो मात्रामा जनधनको क्षति हुनुका पछाडि सावधानी, जनचेतनाको अभाव तथा वन तथा सुक्खा एवं सुकेको सामग्रीमा आगो लगाउने प्रवृत्ति बढी जिम्मेवार हुने प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका अनुसार गत वैशाख १ गतेदेखि यही चैत २७ गतेसम्मको अवधिमा देशभर आगलागीका तीन हजार ७२० वटा आगलागीका घटना भएका छन् । आगलागीमा परेर एक सय पाँच जनाको ज्यान गएको छ । त्यस्तै पाँच सय ७१ जना घाइते भएका छन् भने चार हजार २६० परिवार प्रभावित भएका छन् । सो अवधिमा डढेलोको घटना तीन सय २८ वटा भएका छन् । डढेलोमा परेर दुई जनाको निधन भएको छ भने तीन जना घाइते भएका छन् भने ५८ परिवार प्रभावित भएका छन् ।

प्राधिकरणले आगलागीबाट जोगिन विशेष सावधानी अपनाउने, ज्वलनशील पदार्थ आगोले छुने ठाउँभन्दा पर राख्न, विशेष सचेतना अभियान सञ्चालन गर्न, आगलागी हुन नदिन अन्य उपाय सञ्चालन गर्नसमेत सबैमा अनुरोध गर्दै आएको छ ।

प्राधिकरणका अनुसार यही चैत २७ गते बिहानदेखि २८ गते बिहानसम्म देशभर कुल १९ विपद्का घटना हुँदा आगलागीका मात्रै १६ वटा रहेका छन् । सुक्खा मौसममा आगलागीका घटना बढी हुने भएकाले पनि सक्रियताका साथ सावधानी अपनाउन प्राधिकरणले पुन: अनुरोध गरेको छ । वन तथा वातावरण मन्त्रालयले पनि डढेलो तथा आगलागीका घटना नियन्त्रणका लागि आफ्ना निकायलाई परिचालन गरेको छ । *(रासस)*

। सम्पादकीय ।

# सङ्घीय निर्वाचनको परिणाम र देशको भविष्य

गत फागुन २१ गते सम्पन्न सङ्घीय संसद्‌को निर्वाचन नियमित वा एउटा सामान्य निर्वाचन होइन न त यो तत्कालीन सङ्घीय संसद्‌मा कायम दलीय अङ्कगणितले नयाँ सरकार निर्माण गर्न सम्भव नभएर वा प्रधानमन्त्रीले संसद् विघटन गरेका कारणले भएको निर्वाचन नै हो । यो निर्वाचन देशमा सात दशकभन्दा लामो समयदेखि जारी अमेरिकी र भारतीय योजनाको पराकाष्ठा हो । चीनमा चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा नयाँ जनवादी क्रान्तिको सफलता र समाजवादतर्फ अविच्छिन्न अघि बढाइबाट भारतलगायत पश्चिमा साम्राज्यवादी शक्तिहरू, खास गरेर अमेरिकी साम्राज्यवाद अत्यन्त हतास थियो र चीनलाई घेराबन्दी गरेर कमजोर पार्ने र अन्त्यमा समाजवादी व्यवस्था समाप्त पार्ने रणनीति लिएर अघि बढ्यो । त्यस दौरानमा अमेरिकाले कोरियालाई विभाजित गरेर दक्षिण कोरिया निर्माण गर्ने, ताइवानलाई मुख्य भूमि चीनबाट अलग्याएर बेग्लै राज्यको हैसियत प्रदान गर्ने, जापानको पुन:सैनिकीकरण गर्ने, पूर्वी एसियामा आफ्नो प्रभाव विस्तार गर्ने र भारतलाई चीनको विरुद्ध उपयोग गर्ने कुरामा ऊ सफल भयो ।

नेपालको तिब्बतसित लामो सीमा जोडिएको र चीनले त्यसलाई विधिवतरूपले मुख्य भूमिमा सामेल गरेको परिप्रेक्ष्यमा उक्त कुराहरूमा धेरै हदसम्म सफलता प्राप्त गरे तापनि अमेरिकाले आफ्नो चीनविरोधी अभियान अझै कमजोर रहेको र त्यसलाई पूरा नगरी त्यो उद्देश्य प्राप्त गर्न नसक्ने निष्कर्षमा पुग्यो । त्यसको लागि त्यसले रणनीतिक महत्त्वको दृष्टिबाट नेपालमा आफ्नो प्रभाव विस्तार गर्ने कुरालाई प्राथमिकतामा राख्यो जुन कुराले भारतको नेपालमा रहेको रणनीतिक स्वार्थसित पनि पूरापूर मेल खान्यो । त्यसका लागि त्यसले कूटनीतिक सम्बन्ध, यूएसएआइडीको सक्रिय उपस्थिति, सैन्य सहयोग, राजनीतिक तथा सैन्य नेतृत्वहरूबिच भ्रमण आदानप्रदानजस्ता तरिकाहरू अवलम्बन गऱ्यो ।

संरा अमेरिका र भारतको चीनविरोधी रणनीति एउटै विश्व पुँजीवादी व्यवस्थाबिचको अन्तर्विरोधहरूको प्रतिबिम्ब हो । यद्यपि, तिनीहरूबिच रूपका दृष्टिबाट साथै विदेश सम्बन्धको दृष्टिबाट थुप्रै भिन्नताहरू छन् । तर, आज पनि चीन संयुक्त राष्ट्रसङ्घको बडापत्र र पञ्चशीलका सिद्धान्तहरूप्रति प्रतिबद्ध छ र व्यवहारत: त्यसले त्यो कुरालाई प्रमाणित गरेको छ । जबकि अमेरिका विश्वको एकल महाशक्ति हो र लामो कालदेखि विश्वमा जारी राजनीतिक अस्थिरता, अन्यायपूर्ण युद्धहरू, विश्वव्यापीरूपमा सैन्य अखडाको स्थापना, सत्ता परिवर्तन, स्लिपर सेल्स र डिप स्टेटहरूको निर्माणका लागि जिम्मेवार छ ।

त्यस्तै गरेर भारत एउटा विस्तारवादी शक्ति हो र त्यो दक्षिण एसियामा शान्ति र स्थायित्वको निम्ति मुख्य खतरा हो । त्यो यस क्षेत्रका मुलुकहरू खास गरेर नेपाल, बङ्गलादेश, श्रीलङ्का र माल्दिभसमा राजनीतिक अस्थिरता र सत्ता परिवर्तनको निम्ति जिम्मेवार रहँदै आएको छ ।

अहिले अमेरिकाले चीनलाई मुख्य वैश्विक प्रतिस्पर्धी मानेको छ । छिट्टै नै त्यसले आर्थिक, सैनिक र प्रविधि (कृत्रिम बौद्धिकतालगायत)मा आफूलाई पछाडि पार्ने कुराबाट अमेरिका अत्यन्त हतोत्साहित भएको देखिन्छ । त्यस्तो स्थिति आउन नदिने हेतुले चीनलाई रोक्न त्यसले विभिन्न रणनीतिहरू अवलम्बन गर्दै आएको छ र नेपाललाई त्यस रणनीतिको एउटा अभिन्न अङ्कको रूपमा तयार गर्ने प्रयत्न गर्दै छ । एमसीसी परियोजना, राज्य साझेदारी कार्यक्रम (एसपीपी), स्लिपर सेल र डिपस्टेटको निर्माण, सेना, प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, न्यायपालिका, सञ्चार, कर्मचारीतन्त्र र राजनीतिक दलहरूभित्र व्यापक एवं गहन घुसपैठ गर्दै आएको छ ।

२०८२ भदौ २३ र २४ को घटना स्कूल कलेजका विद्यार्थीहरूलाई युनिफर्ममै हत्याको वातावरण बनाएर, संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत सयौँ सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति जलाएर मात्र रोकिएन । त्यो पूर्व निर्धारित योजनाअनुसार निर्वाचित सङ्घीय संसद्‌को विघटन, प्रधानमन्त्रीको बलजफ्ती राजीनामा जुन प्रष्टत: एउटा सत्तापलट, (कू) थियो जुन संविधानको धारा १३२ विरुद्ध गएर पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारको निर्माण, अवैध सरकारको नेतृत्वमा सङ्घीय संसद्‌को फागुन २१ मा निर्वाचनको घोषणा र यी सबै अवैध कामलाई सही सिद्ध गर्न र राजनीतिक दलका नेताहरूमाथि प्रतिशोध साध्न विवादास्पद व्यक्ति गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोगको निर्माणसम्म विस्तारित भयो ।

फागुन २१ को निर्वाचनको परिणामले देशको सर्वभौमसत्ता, स्वतन्त्रता र राजनीतिक दलहरूले दशकौँ दशक सङ्घर्ष गरेर हजारौँ नेपाली वीर सपुतहरूको सहादतबाट प्राप्त जनताका अधिकारहरू खतरामा परेको छ । दलीय राजनीतिक व्यवस्थामा देशलाई यो खतराबाट मुक्त गरेर एउटा स्वाधीन, गणतान्त्रिक र धर्मनिरपेक्ष नेपाल कायम गर्ने जिम्मेवारी स्वयं नेपालका राजनीतिक दलहरू र सचेत जनताको हो । कुनै तेस्रो विश्व शक्ति राष्ट्रले आफ्ना दलालहरू खडा गरी हाम्रा छिमेकी मुलुकहरूविरुद्ध हाम्रो भूमि उपयोग गरेर हामीलाई सङ्कटमा पार्ने कुरा हामीलाई अस्वीकार्य छ ।

# टुङ्गियो इरान–अमेरिका वार्ता

✍ इमरान मुल्ला

संसारको आँखा इस्लामाबादमा थियो । झन्डै २१ घण्टासम्म म्याराथन गतिमा अमेरिका र इरानबिच वार्ता चल्यो ।

५० वर्षपछि पहिलोपल्ट वासिङटन र तेहरानबिच उच्चस्तरीय वार्ता भयो । अमेरिकाको तर्फबाट वार्तामा उपराष्ट्रपति जेडी भान्स, स्टिभ विटकफ र ज्यारेड कुश्नर थिए । इरानको तर्फबाट इरानी सभामुख मोहम्मद बागेर गालिबाफ र विदेशमन्त्री अब्बास अरागची थिए ।

तर, आइतबार बिहान जेडी भान्स वार्ताबाट बाहिरिए र सम्झौता नगरी अमेरिका फर्किने घोषणा गरे ।

भान्सले वार्ता स्थगित हुनु 'अमेरिकाको लागि भन्दा पनि इरानको लागि खराब समाचार हो' भने । उनले भने, "हाम्रो अन्तिम, उत्तम र अति सरल प्रस्तावसहित हामी बाहिरिन्छौं । इरानीहरूले मान्छन्–मान्दैनन्, हेरौंला ।"

वार्ताको क्रममा झन्डै २० घण्टा आफ्नो टोली राष्ट्रपति डोनाल्ड ट्रम्पसँग निरन्तर वार्तामा रहेको भान्सले बताए ।

ट्रम्पले यसअघि नै बेफिक्री रवैया अपनाएका थिए । उनले इरानसँग सम्झौता हुनु नहुनुले आफूलाई 'फरक नपर्ने' बताएका थिए । पत्रकारहरूसँग यति भनेर उनी मायामी सहरमा हुने खेलकुद कार्यक्रममा सहभागी भएका थिए । भान्सले इस्लामाबादमा बोलिरहँदा राष्ट्रपति ट्रम्पले खेल हेर्दै थिए ।

वार्तामा इरानले हर्मुज जल–नाकाको नियन्त्रण लिने र आफ्नो युरेनियम भण्डारण नहटाउने अडान लिएको थियो । यिनै विषयमा अमेरिकाले विमति जनाएको थियो । यही मुद्दामा वार्ताभरि रस्साकस्सी चल्यो ।

इरानले आणविक हतियार नराखोस् वा त्यसको तीव्र विकासका लागि कुनै उपाय नखोजोस् भन्ने चाहेको भान्सले बताए । वासिङटनले इरानबाट यही 'सकारात्मक प्रतिबद्धता' चाहेको उनले जोड दिए । उनले यसैलाई सम्झौता वार्ताको मूल उद्देश्य बताए ।

पत्रकारहरूसँग उनले भने, "उनीहरूको आणविक कार्यक्रम वा पहिले जस्तो उनीहरूका भण्डारण केन्द्रहरू नष्ट भइसकेका छन् । तर, सिधा प्रश्न के हो भने इरानीहरूले आणविक हतियार विकास गर्नेछैनौं भनी आधारभूत प्रतिबद्धता जनाउँछन् कि जनाउँदैनन् ? अहिलेलाई मात्र होइन, दुई वर्षपछि वा भविष्यमा उनीहरूले यो काम गर्नेछैन भनी वाचा गर्ने कि नगर्ने ? अहिलेसम्म हामीले त्यो कुरा सुनेनौं । सुन्न पाउने आशा लिएका छौं हामीले ।"

**'कूटनीति कहिल्यै टुङ्गिन्न'**

यसबिच इरानले 'जवाफ दिने पालो अमेरिकाको हो' भनेको छ ।

तास्निम समाचारअनुसार तेहरानले वार्तामा 'उपयुक्त प्रस्ताव' अघि सारेको थियो ।

हर्मुज जल–नाका अहिले इरानको नियन्त्रणमा छ । तेहरानले 'उपयुक्त' भनेको प्रस्तावमा वासिङटन सहमत नभएसम्म यो अवस्था बदलिने देखिन्न । इरानी पक्षको जोड यसैमा छ ।

अर्को चरणको वार्ताको स्थान र समय तोकिएको छैन ।

सामाजिक सञ्जाल 'एक्स' मा गालिबाफले लेखे, "हामीसँग आवश्यक असल नियत र मनोबल छ । तर, विगतका दुई युद्धको अनुभवका कारण विपक्षीमाथि हाम्रो भरोसा छैन ।" उनले लेखे, "यो चरणको वार्तामा विपक्षीहरूले अन्तत: इरानी वार्ता टोलीको विश्वास जित्न सकेनन् ।"

इरानी विदेशमन्त्रीका प्रवक्ता इस्माइल बागाइले अमेरिकासँग एकै चरणमा सम्झौताको अपेक्षा गर्नु अव्यवहारिक भएको बताए । दुई हप्ता लामो द्वन्द्व र त्यसबिच गहिरिएको अविश्वासको वातावरणबिच सम्झौता वार्ता भएकोमा उनले जोड दिए ।

बागाइले केही मुद्दामा दुई पक्षबिच समझदारी बनेको तर 'दुई–तीन महत्त्वपूर्ण' मुद्दामा विमति रहेको बताए । अमेरिकाको 'गम्भीरता र असल नियत' तथा इरानका 'वैध अधिकार र हित' प्रति उसको सम्मानले वार्तामा थप प्रगति हुने उनले बताए ।

बागाइले कूटनीति 'कहिल्यै नटुङ्गिने' बताए । पाकिस्तानलगायत विभिन्न छिमेकी तथा मित्र देशसँग निरन्तर सरसल्लाह जारी रहनेमा उनले जोड दिए ।

थप वार्तामा साझेदारहरूको जोड

पाकिस्तानी उपप्रधानमन्त्री इशक दारले अमेरिका र इरानसँग युद्धविरामप्रति प्रतिबद्ध रहन र 'सकारात्मक भाव' ले संवाद जारी राख्न अनुरोध गरे । यस क्षेत्रमा 'दिगो शान्ति र समृद्धि' बहाल गर्न दुवै पक्षले संवाद गर्न आवश्यक रहेको उनको तर्क थियो । दुई पक्षबिच हुने संवादमा पाकिस्तानले सहजीकरण गर्ने दारले बताए ।



पाकिस्तानको इस्लामाबादमा जारी इरानसँगको सम्झौता वार्ताबाट बाहिरिँदै अमेरिकी उपराष्ट्रपति जेडी भान्स

यसबिच अमेरिकामा प्रमुख साझेदार देशले वार्ता स्थगित भएकोमा दुखेसो व्यक्त गरेका छन् ।

अस्ट्रेलियाका विदेशमन्त्री पेन्नी वङले अमेरिका र इरानसँग युद्धविराम जारी राख्न र वार्तामा फर्किन आग्रह गरे ।

बेलायती स्वास्थ्यमन्त्री वेस स्ट्रिटिङले भने, "वार्तामा भएको प्रगति र इरान युद्धको दिगो अन्त्य हेर्न नपाउँदै वार्ता टुङ्गिनु निश्चय नै दु:खद छ ।" उनले भने, "कूटनीतिमा सधैँ यस्तो हुन्छ । सफल नहुँदासम्म असफल भइराखिन्छ । यी वार्ताहरू सफलतामा नटुङ्गिए पनि कोसिस जारी राख्नुमा बेफाइदा हुन्छ भन्ने छैन ।"

(स्रोत : मिडल इस्ट आइ ।)

# 'दलित' बारे एक चर्चा



पाठक पत्र

२४ चैत २०८२ को 'राजधानी' दैनिकमा शब्दकोशबाट 'दलित' शब्द हटाऔँ' शीर्षकको निर्मल घिमिरेको एक लेख छापियो ।

त्यस लेखमा 'दलित' लाई एक 'वर्ग' को रूपमा लिइएको छ । प्रश्न उठ्छ, के कुनै जात र पद 'वर्ग' हुन्छ ? चलन चल्तीमा 'मजदुरवर्ग' र सर्वहारावर्ग' पढ्न पाइन्छ । के 'दलित' त्यस्तै एक आर्थिक स्तर हो- पुँजीपतिवर्ग जस्तै ?

तस्बिरमा 'नेपाली बृहत् शब्दकोश' नेपाल प्रज्ञाप्रतिष्ठान भनी प्रकाशकको सङ्केत पनि उल्लेख छ । तर प्रश्न उठ्छ, के 'शब्दकोष' बाट 'दलित' शब्द हटाउँदैमा त्यस समुदायलाई दिइआएको सरकारी शब्द समाप्त हुन्छ ? त्यसो हुँदो हो त - शब्दकोषबाट 'शोषण' ' अन्याय-अत्याचार' जस्ता शब्द पनि हटाउन पाए कस्तो होला ! भन्ने जिज्ञासा पनि उठ्यो ।

फेरि लेखकले लेखे जस्तै 'दलित' शब्द नेपालमा मल्ल शासकहरूले होइन, त्यो शब्द भारत र संस्कृत साहित्यबाट आएको हुनुपर्छ, किनभने मल्लहरू भारतबाटै आएका शासकहरू हुन् ।

'दलित' शब्दबारे मनुस्मृतिमा प्रस्ट भाषामा लेखिएको छ - समाजमा अपराध सम्झिएका काम गर्नेहरूलाई सजायको रूपमा 'जात' घटुवा गर्ने प्रचलन थियो ।

समाज विकासको सिलसिलालाई अध्ययन गर्दा विजयी पक्षले पराजीत पक्षलाई बन्दी बनाइएका कडा सदस्यहरूलाई 'दास' बनाउँथे र ढुङ्गाको काम वा गाह्रो गाह्रो काम दिन्थे । भारतमा व्यक्तिको नाम नै 'रामदास' र 'श्यामदास' प्रचलनमा छन् । ती सबै पुराना दासहरूकै पारिवारिक सिलसिलापछि 'जात' को रूपमा देखिए । नेपालमा पनि मल्ल कालका 'चित्र लेख्ने', 'कपडा रंगाउने र बुट्टाको छाप लगाउनेहरूलाई' 'रंजीतकार', (छीपा) आदि जात प्रचलित भयो । तर, काम गरिखाने पराजीत जातिलाई सम्भवत: सीपअनुसारको जातमा परिणत गरेको अनुमान गर्न सकिन्छ ।

मल्ल कालमा उपत्यकाका नगरहरू पर्खालले घेरिएको हुन्थ्यो र ती पर्खाल र ठाउँ ठाउँमा बनाइएका ढोकाहरूका अवशेषहरू आज पनि देख्न सकिन्छ । ती ढोकाहरूभित्रबाट लगाइएको र त्यस बाहिरपट्टि त्यसबेला तल्लो जात भनिएका पोडे, खड्गी, गन्धर्व आदि अन्य आठ जाति ( च्याम्हाखल) ढोका बाहिर (ध्वाकां पिनेयापुं) भन्ने गरिन्थ्यो । तिनीहरू पानी नचल्ने बताइन्थ्यो । तिनीहरू पनि भारतबाटै उपत्यकामा आएको हुनुपर्छ । तामाङ र खास नेवार जातिहरूमा 'पानी नचल्ने' देखिन्न । नेपालका अन्य मतुवाली जातिमा पानी 'चल्ने' र 'नचल्ने' जाति र समुदाय देखिन्न ।

त्यसको उदाहरण भारतमा आज पनि प्रान्त प्रान्तका ठाउँ ठाउँमा विकराल समस्याको रूपमा जीवित छ - भारतको स्वतन्त्रताको ७० वर्षपछि पनि ।

यसकारण, 'दलित' शब्द र समुदायको भेद नेपालको आफ्नै मौलिक विषय नभई आयातीत विषय हो । यसकारण, यसलाई पञ्चायतकै बेला पनि छुवाछुत अन्त भएको भन्दै कतिलाई त्यही जाति भनिने व्यक्तिलाई मन्त्री बनाइएको थियो । तर, केही टाठाबाठाहरूले 'दलित' कै नामबाट फाइदा उठाउनु नै त्यस दासयुगको सिलसिलालाई अँगाल्नु हुने भएकोले त्यस शब्दलाई राजनैतिक हित वा भारतमा समेत एक 'उपप्रधानमन्त्री' ले एक पत्रकारको प्रश्नमा उत्तर दिएका थिए - "यस देशमा कहिले दलित प्रधानमन्त्री हुन्छ र ?"

- आकाश

# सय वर्षपछिको भक्तपुर

✍ नारायणमान बिजुक्छेँ (रोहित)

रातको १२ बज्न लागेको थियो । राष्ट्रिय टेबुलटेनिस खेलाडी रामुले आफ्नो डायरी लेख्दै गयो ।

आज २३ डिसेम्बर २०९९ ।

म बिहान ७ बजे कौसीमा गएँ, वातावरण चिसो थियो र हुस्सुले सबै छर्लङ्ग देखिएन । टेलिफोनको घण्टी बजेको आवाज आयो, म कोठामा आएँ । क्युवाको हवाना विश्वविद्यालयका एकजना मित्रले मार्च र अप्रिलको बिचमा नेपाल आउने सूचना दियो । पूर्वी एसियाको संस्कृतिसम्बन्धी विद्यावारिधि गर्ने मार्टि भन्ने त्यस साथीले टेलिफोनमा नेपाल र भक्तपुरको कला र संस्कृतिको अध्ययनबाट साह्रै प्रभावित भएको र आफ्नो विद्यावारिधिको शोधपत्र पनि भक्तपुरकै विषयमा हुने बतायो ।

मैले दराज खोलेँ, मेरो हात अचानक एक मोटो पुस्तकमा पुग्यो । पुस्तकको शीर्षक थियो- 'भक्तपुर सन् १९९९।'

पानाका पङ्क्ति र हरफहरूमा मेरो आँखा सलल बग्यो । लेखिएको थियो- 'योम्हरी पुन्ही, २२ डिसेम्बर १९९९ । भक्तपुर नगरका झन्डै एकचौथाइ भवनहरू सिमेन्ट वा कङ्क्रिटको बनिसकेका छन् । टौमढी र लायकुबिचकै कति भवनहरू सिमेन्ट, डण्डी र ढलानका छन् र बाहिर मानिसहरूका लुगाजस्तै नेपाली इँटा र झिँगटी टाँसिदै छन् । नगरपालिकाको भवनको मापदण्डलाई मिचेर पाँच/छ तलाका घरहरू बनेका छन् र छाना तथा कौसीमा काला काला पानीका भाँडा वा ट्याङ्कीहरू छन्, टीभीका एन्टेना र सौर्य ऊर्जाबाट पानी तताउने साधनहरूले भक्तपुरको भवनको माथिल्लो वास्तुकलाको स्वरुप कुरूप देखिएको छ । पाँचतले देवल र भैरव मन्दिरका माथिल्ला तलाहरू मात्रै देखिएका छन् । नेपाली शैली र झिँगटीका छाना र कौसी होइन खरानीजस्तो खैरो र अत्यन्त अग्ला र होचा, बेढङ्ग आकारका सिमेन्टका कौसी र छानाहरू मात्र देखिन्छन् । जहाँतहीँ विविध रङ्ग र मोटाइका तारहरू मात्र छन्- माकुराका जालजस्तै विद्युत्का तार, टेलिफोनका तार, टीभीका एन्टेनाका तारहरू !

सुकुलढोकाको बजारमै वर्षौंदेखि घरहरू भत्केका छन् । विभिन्न देशका राजकीय पाहुनाहरूले 'यी घरहरू किन नबनाएका, वातावरण कस्तो नराम्रो छ हगि ?' भनेर सांस्कृतिक मन्त्री, पुरातत्त्व विभागका निर्देशक र नगरप्रमुखहरूलाई सोधे । तर 'हामी बन्दोबस्त गर्दै छौँ भनेर वर्षौंसम्म टार्दै गए- जिम्मेवार व्यक्तिहरूले । ग:हितिको एउटा राम्रो घर पनि भत्किँदै थियो, त्यसलाई जोगाउनुको सट्टा प्रहरीले पानीको फोहरा हानेर एक डेढ वर्ष अगाडि भत्काइदियो । वातावरण कुरूप छ ।

क्यामेरा क्लिक क्लिक गर्दै विदेशी पर्यटकहरू सुकुलढोकाको मठको काष्ठकलाका तस्बिरहरू खिच्दै गोल्मढीतिर बढे । एउटा कपडा पसल र जुत्ता पसल (रुद्रप्रसाद कायष्ठ र माधवशङ्कर जोशी) को घरनेर टक्क रोकिँदै आपसमा कुरा गर्न थाले- 'यी कस्तो रूप नमिलेका घरहरू हगि ! के यहाँ नगरपालिकाले जस्तो पनि घर बनाउन दिन्छ ?'

त्यसैबेला डिजेलको धुवाँ उडाउँदै ट्याक्टर गुड्छ, मोटरसाइकल, कार, मिनीट्रक, जीपजस्ता यातायातका साधनहरू हर्न बजाउँदै ओहोरदोहोर गर्छन् । पर्यटकहरू कोही नाक छोप्छन् र कोही पछाडि फर्कन्छन् ।

मुख अँध्यारो पार्दै गएका पर्यटकहरूले राम झोपडीको उत्तरतिरको गहिरो धारातिर हेरे । एकजना पर्यटकले नाक खुम्च्याउँदै टिप्पणी गर्यो- 'कस्तो फोहोर पोखरी ।'

इनाचो र दत्तात्रयको बिचमा ती पर्यटकहरू दायाँबायाँका घरहरू हेर्दै गए । खासखुस कुरा गर्दै गए- 'एउटै घर किन आधा प्राचीन र सुन्दर, आधा नयाँ कुरूप घर ? यहाँ विदेशीहरू आएर नेवारी कला र संस्कृति भाँड्न पो खोजेका छन् कि ? सायद यस देशमा सांस्कृतिक मन्त्रालय र नगरपालिका छैनन् क्यारे ?'

मलाई डर लाग्यो, कस्तो विवरण ठीक सय वर्ष अगाडि । मेरो नगर पुन: अवलोकन गर्न मन लाग्यो । पुस्तक बन्द गरेँ, फेरि कौसीमै पुगेँ ।

घाम झुल्किसकेको थियो । अहँ, अग्ला र होचा छाना र कौसीहरू थिएनन्, सबै रातराता झिँगटी भएका सुन्दर छानाहरू मात्र छन्, काला काला पानीका विरूप ट्याङ्कीहरू, विद्युत्, टेलिफोन र एन्टेना र त्यसका जालजस्तो फैलिएका तारहरू थिएनन् । ङातापोल्हँको पाँचै तला छाना र भैरवनाथको तीन तला छाना देखेँ । मलाई अत्यन्त खुसी लाग्यो । मेरो मन गर्वले फुल्यो- मेरा छाना, कौसी र मन्दिरहरू पहिले जस्तै गौरवमय र सुन्दर छन् ।

पुस्तकको बयानले मलाई ग:हिति पुऱ्यायो । त्यहाँ पुरानै घरहरू यथावत् छन्, सुकुलढोकामा कुनै घर भत्केको थिएन, मठको लहरै प्राचीन शैलीका घरहरू छन् । गोल्मढीका दुइटा घर पसल पनि नेपाली शैलीका दायाँबायाँका घर र झ्यालहरूजस्तै बनिसकेको थियो । इनाचो र तचपालको बिचमा पनि पुरानै गौरव फर्किसकेको थियो ।

गोल्मढीको गहिरोधाराका धाराहरू, इनार र कुवालाई विदेशीहरू चाख मानेर हेर्दै थिए । केही भक्तपुरकै कला संस्थानमा अध्ययनरत विदेशी छात्रछात्राहरू चित्र कोर्दै थिए ।

एउटी जापानी युवतीले अर्को जर्मन केटोसँग सोध्दै थिई, नेवारी भाषामा - 'तपाईं कति वर्षदेखि नेपालमा हुनुहुन्छ ?' जर्मन केटोले पनि नेवारी भाषामा उत्तर दियो, 'म यहाँको भाषा विश्वविद्यालयमा पढ्दै छु । ४ वर्ष भयो, म हरेक वर्ष २ महिनाको निम्ति घर जान्छु ।'

जापानी केटीले जर्मन केटोको उत्तरमा थप्दै गई, 'म त ४ वर्षदेखि नेपाली वास्तुकलामा यहाँ इन्जिनियरिङ अध्ययन गर्दै छु । मेरो विशेष ध्यान यहाँका मन्दिरहरूको वास्तुकला सिक्नमा गएको छ । मेरा अरू पनि जापानी साथीहरू चोक भएको नेवारी शैलीको घर, साँझ्या (भोटे झ्याल) आदिबारे व्यावहारिक तालिम लिँदै छन् । त्यसो त हाम्रा केही साथीहरू अन्य ल्याटिन अमेरिकी विद्यार्थीसँग यहाँको भाषा र संस्कृतिको पनि अध्ययन गर्दै छन् ।'


विदेशी छात्रछात्राहरूको नेवारी भाषाको त्यस संवादले मेरो मन प्रफुल्ल भयो । हो त, भक्तपुर जिल्लाको गाउँ गाउँमा आज भाषा, इन्जिनियरिङ, संस्कृति, पुरातत्त्व आदि विषयका महाविद्यालय र विश्वविद्यालयहरू स्थापित भएका छन् । सय वर्ष पहिलेजस्तै भक्तपुरमा इँटा भट्टाहरूको नामनिशाना छैन । ती धुवाँ फाल्ने ठाउँहरूमा आज उच्चस्तरीय विद्यालयहरू छन् । यहाँका चिकित्सा अध्ययन संस्थानमा पश्चिमी चिकित्सा शास्त्र (एलोपेथी) मात्र होइन, आयुर्वेद, होमियोपेथी, प्राकृतिक, सियोले घोच्ने अकुपञ्चर, चुम्बकीय र अन्य प्रकारका उपचार विधिको पनि अध्यापन हुन्छ । थिमि, नगदेश र बोडेमा पनि नेवारी नाचगानका संस्थानहरूमा विभिन्न महादेशका छात्रछात्राहरू अध्ययन गर्दै छन् । नगरको सडक र गल्लीमा अब कुनै ट्याक्टर, ट्रक, कार, जीप, मोटरसाइकलजस्ता धुवाँ फाल्ने कुनै साधन आवतजावत गर्दैनन् ।

रातको १२ बज्यो, म अब सुत्छु ।

**हाम्रा नगर र सहरहरू**

सन् २०९९ डिसेम्बर २५ को दिन बिहान ८ बजे, नेपाली साहित्यको महाविद्यालयको एक चिटिक्क परेको छात्रावासको सभाभवनमा विद्यावारिधिका नेपाली विद्यार्थी रामुले भन्दै गए, 'मित्रहरू, आज हामी भक्तपुरबाट पश्चिम नेपालका नगर र सहरहरू यात्रा गर्न जाँदै छौँ । ठीक सय वर्षअगाडि नेपालका राजनीतिज्ञहरू, सरकारी विद्वानहरूले देशका सहर र नगरहरूको आकार, विशेषता, नगरवासीहरूको रोजगार, सफाइ, ढल र फोहोर पानी सफा गर्ने उपचार पोखरी, फोहोर गाड्ने डम्पिङ साइट र पुन: प्रयोगका उपायहरूको बारे ध्यान दिएका थिए । यसको अर्थ हो- एक सय वर्षअगाडि नेपालका सहर र नगरहरू साह्रै फोहोर, अव्यवस्थित र अनियमित आवासहरू बन्दै गएका थिए । हरेक राष्ट्रिय राजमार्गको दायाँबायाँ जोडिँदै बस्तीहरू बढ्दै गएका थिए ।

त्यसैले, दुर्घटनाहरू हुने, आवासलाई बन्दोबस्त गर्न नसकिने, प्रदूषण बढ्ने, सवारीको गतिमा बाधा आउने आदिबारे न यातायात मन्त्रालय, न आवास तथा भौतिक मन्त्रालय न त स्थानीय विकास मन्त्रालयलाई मतलब थियो । मन्त्रीहरू र मन्त्रालयका सचिव र निर्देशकहरू राज्यबाट प्राप्त अधिकार र सहुलियतहरूबाट व्यक्तिगत स्वार्थ मात्रै सिद्ध गर्थे । नगर र सहरका मेयर, उपमेयर, जनप्रतिनिधिहरू तथा जिविस र गाविसका सभापति र अध्यक्षहरूलाई पनि आफ्नो पार्टी र व्यक्तिका स-साना स्वार्थभन्दा अरू मतलब थिएन । तिनीहरूमा न वैचारिक उचाइ थियो न त व्यापकता र कर्तव्यप्रति गम्भीर चिन्ता ! तिनीहरू विकास रकमहरूसमेत आ-आफ्ना मानिसहरूलाई विकासका झूटा योजनाहरू बनाई पैसा बाँड्दै राजनैतिक कार्यकर्ताहरूको चरित्र बिगार्ने गर्थे । पार्टी नेताहरू तल्लास्तरका कार्यकर्ताहरूबाट ठगिन्थे ।'




'विश्वमा आएका अनेक परिवर्तन र जानकारीहरू, देश र विदेशमा नेपाल सरकार र राजनैतिक पार्टीहरूप्रति देखापरेका आलोचना र निन्दाले बिस्तारै पदमा बस्ने मानिसहरूमा चेतना जाग्यो । देश विदेशबाट आएका नेपालीहरूमा विदेशी भक्ति हट्दै आफ्नो देश राम्रो भएन भने विदेशमा पनि हेलाहोचो हुने तथा श्रीहीन र गौरवहीन जीवन साह्रै कष्टप्रद हुने अनुभव गरे । भौतिक सुविधाका निम्ति मर्यादा र इज्जतबिनाको जीवन बाँच्ने भावनामा परिवर्तन आयो ।

जनताको चर्को विरोध, ऐन-नियममा कडाइ, जाँचबुझका नयाँ नयाँ संयन्त्र तथा पारदर्शिताको आन्दोलनले भ्रष्टाचारमा लगाम लाग्दै गयो ।

त्यसमा ठूलो भूमिका कर्मचारीहरूको तलबमा दोब्बर वृद्धिले खेल्यो । आवास र खाद्यान्न, स्वास्थ्योपचार र छोराछोरीको निम्ति शिक्षाका सहुलियतहरू पाए । त्यही नियम शिक्षक, मजदुर वा अन्य कामदारहरूलाई पनि लागू भयो ।'

बैठकमा सबै सहभागीहरू विभिन्न देशका छात्र-छात्राहरू आ-आफ्नै शैलीका लुगा लगाएर मिलेर बसेका थिए । रामुले आफ्नो भनाइलाई अन्त गर्दै भने, 'आज नेपालमा ३०० सहर र नगरहरू छन्, त्यसमध्ये १५ ओटा ५ लाखभन्दा बढी जनसङ्ख्या भएको, ५० ओटा १ लाखसम्मको जनसङ्ख्या भएको र २०० ओटा २५००० जनसङ्ख्याभन्दा कमका नगरहरू छन् । तर, सबै नगरहरूका ढलहरू छोपिएका छन्, खुला छैनन्, ती सबै ढलका फोहोर उपचार पोखरीमा जान्छ र सफा गरेपछि मात्रै खोला र नदीमा बग्न दिइन्छ, २-४ ओटा सहरको फोहोरको थान्को लगाउने एक एक ठाउँमा बन्दोबस्त भइसकेको छ । हरेक नगरपालिकाहरूको आ-आफ्नो नगर अस्पताल, शिशुशालाहरू, बालोद्यानहरू, विद्यालय र महाविद्यालयहरू छन् । पुराना केही नगरपालिकाहरूले विश्वविद्यालयसमेत सञ्चालन गरेका छन् । नगरपालिकाहरूको आफ्नै उद्योगधन्दा, बजार व्यवस्था, आवास क्षेत्रहरू, खानेपानीको बन्दोबस्त, अतिथि सदन, भोजनालयहरू छन् । ती सबै आम्दानीका स्रोतहरू हुन् । वर्षमा नेपालमा ३० लाखभन्दा बढी पर्यटकहरू आउँछन् । नेपालका नगर, जिविस र केही गाविसहरूका आम्दानीको स्रोत नै पर्यटन उद्योग भएको छ । छरिएका गाउँहरू बिस्तारै एक ठाउँमा केन्द्रित हुँदै सहरहरूको सङ्ख्या बढ्यो, गाउँको सङ्ख्या घट्यो ।'

रामुको भनाइ नटुङ्गिँदै एक नयाँ भियतनामी छात्राले सोधिहालिन, 'पासा रामु, नेपालका पुराना र नयाँ सहर र नगरहरूको जानकारीको लागि धन्यवाद दिन चाहन्छु र भियतनामको मुक्तिको बेला सन् १९६५ तिर नेपालको संवत् २०१७ सालपछि पहिलो पटक सं.रा. अमेरिकी साम्राज्यवादको आक्रमणको विरोधमा भियतनामी जनताको समर्थनमा प्रदर्शन गर्ने भक्तपुर र नेपाली जनताप्रति आभार प्रकट गर्न चाहन्छु । नेपालको भाषा र साहित्यको अध्ययन गर्न म ४-५ महिना पहिले मात्र नेपाल आएकी हुँ । नेपाली भाषा म अहिले पढ्न, लेख्न र बोल्न सक्छु, संस्कृत र हिन्दीसँग सम्बन्धित शब्दहरू अलि उच्चारण गर्न गाहो अनुभव गर्छु । तर, मलाई नेवारी भाषा तुलनात्मक रूपले सजिलो लाग्छ । के हाम्रो पश्चिम नेपालको यात्रा १५ दिनको हो, पासा रामु ?'

'हो, पासा डिन्, हामी नारायणी नदीको किनारको पुरानो नारायणघाट र भरतपुरको नयाँ ५ लाखभन्दा बढी जनसङ्ख्या भएको औद्योगिक सहर, त्यस्तै भगवान् बुद्धको जन्मस्थल लुम्बिनी ( भैरहवा) र व्यापारिक नगर बुटवलमा एक एक दिन बस्नेछौँ । बिचबिचका राजमार्गका दायाँ-बायाँका स-साना नगरहरूमा चिया खाँदै त्यहाँका विभिन्न जाति र भाषाभाषीहरूका नाचगान हेर्दै हामी अगाडि बढ्नेछौँ । तर अहिले राजमार्गहरूसँगै जोडिएका बस्तीहरू छैनन् । सबै नगरहरू राजमार्गहरूभन्दा ५-१० मिनेटकै टाढा-टाढा बनेका छन्, व्यवस्थित छन् । सबै नगरहरूमा तार, टेलिफोन, विद्युत्, महाविद्यालय, हुलाक, पुस्तकालय आदि सबैको राम्रो बन्दोबस्त छ । जाडोको मौसममा तराईको हावापानी राम्रो हुन्छ । पूर्व-पश्चिम राजमार्गमा अब विद्युत्का रेल र ट्रलिबसहरू चल्छन् ।'

लक्ष्मीप्रसाद देवकोटाको काव्यबारे विद्यावारिधि गर्ने एक अर्जेन्टिनी छात्र भेनाले भने, 'पासा रामु, नेपालमा सबभन्दा पहिले अर्जेन्टिनी क्रान्तिकारी सिपाही तथा विचारक चेको बारेमा पढ्ने र लेख्ने नेपाली नगर भक्तपुर नै हो । यस्तो सहर र देशमा आएर नेपालका एक परिवर्तनवादी कविको बारेमा अध्ययन गर्न पाउनु गौरवको कुरा हो । म देवकोटालाई हाम्रो स्पेनियाली कवि पाब्लो नेरुदासँग तुलना गर्न मन पराउँछु । के पश्चिम नेपालमा हामी कुनै साहित्यिक वा कवि गोष्ठीमा भाग लिने कार्यक्रम बनाउन सक्दैनौँ ?'

'हो, हो, मित्र, तपाईंले मेरो मनकै कुरा बोल्नुभयो । भैरहवामा बुद्धको जन्मस्थान लुम्बिनीको यात्रापछि हामी दाङको संस्कृत विश्वविद्यालय पुग्नेछौँ । पहिले जस्तो त्यो यात्रा लामो हुनेछैन, बिचको पहाडमा सुरुङ मार्ग बनिसकेको छ । त्यहीँ हामी एउटा साहित्य सम्मेलनमा भाग लिनेछौँ । हाम्रो देशको सबभन्दा ठूलो विश्वविद्यालय अहिले त्यही हो । अहिले त्यसलाई हामी भाषा, आयुर्वेद, पुरातत्त्व र इतिहासको विश्वविद्यालयको रूपमा हेर्छौं । सङ्ख्याको हिसाबले यो देशको सबभन्दा बढी छात्रछात्रा र विद्वान्हरूको अध्ययन र अध्यापन गर्ने स्थल भएको छ । यो नेपालको सबभन्दा ठूलो उपत्यका हो । दाङ किसान आन्दोलनको थलो पनि हो ।'

'मित्रहरू, हामी बिचबिचमा वनजङ्गल, तलाउ, पोखरी र नदीहरूको पनि सयर गर्दै सुर्खेत पुग्नेछौँ, त्यो देशको तेस्रो ठूलो उपत्यका हो, त्यहाँ एउटा प्राचीन विहार छ; काँक्रेबिहार भन्ने त्यस बौद्ध क्षेत्रको जीर्णोद्धार यसै शताब्दीमा भएको हो । त्यहाँ हामी एक दिन बस्छौँ, गर्मी बिदामा हामी सुर्खेतबाट रज्जुमार्ग हुँदै जुम्ला, हुम्ला र मुगुको रारामा पुग्नेछौँ ।'

वातानुकूल बन्दोबस्त भएको, विद्युत् र सौर्य ऊर्जाले समेत चल्ने त्यो बसले ९ बजेतिर भक्तपुर छोड्यो । त्यस यात्रा दलसँग धिमाय् बाजा, बाँसुरी र मादल आदि बाजागाजाका सामान पनि थिए । त्यस यात्रा दलमा सबै महादेशका छात्रछात्राहरू र अन्वेषकहरू थिए ।

**उत्सवको सहर**

एकजना गाइड स्पेनियाली भाषामा बोलिभिया, पेरु, कोलम्बिया, चिली र ग्वाटेमालाका पर्यटकहरूको दललाई भक्तपुर नगरबारे बताउँदै जान्छ- 'ठीक सय वर्षअगाडि यहाँका नगरका जनताले आफ्नै अगुवाइमा यस नगरको पुन:निर्माण गर्न सुरु गरेका थिए । १६५ वर्षदेखि २०० वर्ष अगाडिका भूकम्पहरूले यहाँका पुराना दरबार, बस्ती र नगरभित्र पस्ने ढोका तथा पर्खालहरू भत्काएका थिए ।

'२५० वर्षसम्म नगरको विकास अवरुद्ध भयो । यस नगरको ठाउँ-ठाउँमा २००० वर्ष पहिलेका किराँत र लिच्छवि शासन अवधिका अवशेषहरू र चालू ढुङ्गेधाराहरू छन् । स्थानीय नेवारी भाषाको नाममा यहाँका ठाउँका नामहरूले इतिहास र अर्थलाई अभिव्यक्त गर्छ । तुलाछेँ ( इनारहरू भएको बस्ती वा बाटो), खिछेँ-खिउँगु छेँ (अँध्यारो बाटो), चोछेँ (उचाइमा रहेको बस्ती), ताला-तुंछी (गहिरो इनारको ठाउँ), तहा मला ( लामो गल्ली), याता (पारिलो ठाउँ), ग:हिति ( गहिरो धारा) जस्ता ठाउँका नामहरू स्थानीय भाषामा २-४ अक्षरले चिटिक्क परेका नामहरू अहिले पनि प्रचलित छन् । यहाँकै धेरैजसो मठ-मन्दिर, विहार, पौवा, पाटी, ढुङ्गेधारा, इनार र कुवा २ सयदेखि २ हजार वर्षभन्दा पुराना छन् । तर, ती सबै अहिलेसम्म प्रयोगमा छन् । त्यसैले यस सहरलाई विदेशी विद्वान्हरू 'जीवित स्मारकहरूको सङ्ग्रहालय' पनि भन्ने गर्छन् ।

गाइडले भन्दै जान्छ- 'अहिले यस सहरका केही ढोकाहरू, पर्खालहरू यसै शताब्दीमा पुनस्थापित गरिएका छन् । आज पर्खालभित्रको प्राचीन नगरमा १ लाख जनता बस्छन् तर आधा जति पर्यटकहरू छन् । विदेशी पर्यटकहरू हरेक दिन ५ हजारभन्दा बढी आउँछन् । तिनीहरूमध्ये एकतिहाइले यही रात बिताउँछन् । राति तिनीहरू विभिन्न सांस्कृतिक कार्यक्रमहरू हेर्छन्, नेपालका विभिन्न जाति र भाषाभाषीहरूका खाना चाख्छन् । बिहान तिनीहरू नगरकोट, चाँगु, सूर्यविनायक, ल्हासापाको ससुद्य: आदि मन्दिर, वन-जङ्गल, पार्क र मनोरञ्जनका स्थलहरू घुम्छन् र त्यहीँ ८ बजे चिया वा बिहानको खाजा खान्छन् ।'

'दिउँसो सिद्धपोखरी, भाज्यापुखु, नपुखू, कमलपोखरी आदि पोखरीमा स-साना डुङ्गाहरूको शयर गर्छन् र नगरकै टोल-टोलका खाने पसलहरूमा रोजीरोजी खाना खान्छन् । आश्चर्य के हो भने पर्यटकहरू खाना खाँदा भक्तपुरे दही मागेर खान्छन् र जाने बेलामा एक पोका पुष्टकारी वा मिश्रिपाक किन्न बिर्सिँदैनन्, 'नेपाली चकलेट' भन्दै ।'

गाइड बोल्दै जान्छ- 'साँझ-साँझ हरेक टोलमा सांस्कृतिक कार्यक्रमहरू भइरहन्छन् । बाँसुरी, धेमा, देवीनाच, नागाचा नाचजस्ता अनेकौँ प्राचीन नाचगान कार्यक्रमहरू चोक चोकमा बन्दोबस्त गरिएको हुन्छ भने ठाउँठाउँमा आधुनिक सङ्गीत र साहित्यिक गतिविधिसमेत भइरहेको हुन्छ । ती सबै नाच, गान र साहित्यिक गतिविधिबारे धेरै विदेशी भाषामा लेखिएका पुस्तिकाहरू हुन्छन् र हेडफोन (कानमा राखेर सुन्ने यन्त्र) ले आफूले बुझ्ने भाषामा सुन्छन् ।

'गल्ली र टोलहरू साह्रै सफा छन्, पर्यटकहरूको घुइँचो सबै ठाउँमा त्यत्तिकै छ । स-साना घरहरू ठूल-ठूला भइसकेका छन् तर उचाइ भने मापदण्डअनुसार नै छ । दक्षिणको हनुमन्ते र उत्तरको खासाङखुसुङलगायत सबै ठाउँमा पुराना र नयाँ घाटहरू छन् र मिचेका सबै जग्गा फिर्ता लिएर चौडा पारिएका छन् । ५/६ फिटसम्म पानी सदा रहिरहन्छ । ब्रह्मायणी, माहेश्वरी, त्रिवेणी (हनुमानघाट), चुपींघाट, राममन्दिर र बाराही घाटको दायाँबायाँ रेस्टुराँ र पसलहरू पर्यटकहरूले भरेका छन् । पुरानो नगरको बाहिर चारैतिर अर्थात् लिबालिबी, कमलविनायक, ब्यासी आदि ठाउँमा नयाँ शैलीका बस्ती, महाविद्यालय, संस्थान र विश्वविद्यालयका विभागहरू बनिसकेका छन्, सँगसँगै छात्रावासहरू बनेका छन् । तर ती नयाँ बस्तीहरूमा स-साना बगैँचा र बोटबिरुवाहरूको कमी देखिन्न ।

एकजना जापानी केटी पर्यटकले एकजना भक्तपुरे पसलेसँग आफ्नो भाषामा सोध्छिन्-

बाँकी पृष्ठ ७ मा

# इरान–अमेरिका वार्ता निष्कर्षविहीन



वार्ता निष्कर्षविहीन भएपछि पत्रकार सम्मेलन गरी जानकारी दिँदै इरानी वार्ताटोलीका सदस्यहरू

इस्लामावाद, २९ चैत (एएफपी)। मध्यपूर्वमा चर्किँदै गएको युद्ध अन्त्य गर्ने उद्देश्यले पाकिस्तानको मध्यस्थतामा भएको इरान र संयुक्त राज्य अमेरिकाबिचको लामो वार्ता कुनै ठोस सहमतिविना टुङ्गिएको छ। २१ घण्टासम्म चलेको म्याराथन छलफलपछि अमेरिकी उपराष्ट्रपति जेडी भान्सले आइतबार वार्ता निष्कर्षविहीन बनेको जानकारी दिए।

वार्तापछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले वासिङ्टनले तेहरानसँग आणविक हतियार विकास नगर्ने 'मौलिक प्रतिबद्धता' खोजेको भए पनि त्यसतर्फ स्पष्ट सङ्केत नदेखिएको बताए। सन् १९७९ को इस्लामिक क्रान्तिपछि उच्चस्तरीय रूपमा भएको यस्तो संवादलाई महत्त्वपूर्ण मानिए पनि अपेक्षित उपलब्धि हासिल हुन सकेन। उनका अनुसार अमेरिकाले इरानलाई 'अन्तिम र उत्तम प्रस्ताव' दिएको छ र त्यसबारे निर्णय लिन केही समय प्रदान गरिएको छ।

यसैबिच, संयुक्त राज्य अमेरिका र इजरायलले मङ्गलबारदेखि दुई साताका लागि वार्ता स्थगित गर्ने सङ्केत दिएका छन्। फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको द्वन्द्वले मध्यपूर्व क्षेत्रलाई अस्थिर बनाउनुका साथै विश्व अर्थतन्त्रमा समेत असर पारेको छ। आक्रमणपछि इरानले प्रतिशोधात्मक कदम चालेपछि तनाव झन्नै चुलिएको हो।

वार्ताका क्रममा दुवै पक्ष आ–आफ्ना कडा अडानसहित प्रस्तुत भएका थिए। अमेरिकाले होर्मुज जलडमरू क्षेत्रमा माइन हटाउन युद्धपोत पठाएको दाबी गर्दै दबाब सिर्जना गरिरहेको आरोप इरानी पक्षले लगाएको छ। उक्त जलडमरू विश्वको करिब पाँचौं भाग तेल आपूर्तिको प्रमुख मार्ग मानिन्छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने वार्ताको परिणामप्रति आफूलाई खास चासो नभएको प्रतिक्रिया दिएका छन्। उनले युद्धमैदानमा अमेरिका पहिले नै विजयी भइसकेको दाबी गर्दै इरानी नेतृत्वलाई कमजोर पारिएको र सैन्य संरचनामा क्षति पुऱ्याइएको उल्लेख गरे। "सम्झौता भए पनि नभए पनि फरक पर्दैन, हामीले जितिसकेका छौं", उनले भने।

उता, इरानले भने कुनै पनि सम्भावित सम्झौतामा आफ्ना जफत गरिएका सम्पत्ति फुकुवा हुनुपर्ने र लेबनानमा हिजबुल्लाहविरुद्धको इजरायली आक्रमण रोकिनुपर्ने माग राखेको छ। तर भान्सले ती विषयहरू इस्लामावाद वार्ताको दायराभन्दा बाहिर रहेको दाबी गरे।

वार्तामा इरानी प्रतिनिधिमण्डलको नेतृत्व संसद्का अध्यक्ष मोहम्मद बाघेर कालिबफले गर्नुभएको थियो भने विदेशमन्त्री अब्बास अराघची पनि सहभागी थिए। अमेरिकी टोलीमा ट्रम्पका निकट सहयोगी स्टिभ विटकफ र जारेड कुशनरसमेत सहभागी थिए। इरानले विशेषत: भान्सको उपस्थिति र विगतमा युद्धविरोधी धारणा राखेकाले वार्ताप्रति केही अपेक्षा गरेको थियो।

युद्ध सुरु भएसँगै इरानले होर्मुज जलडमरूमध्यमाथि नियन्त्रण कायम गर्दै विश्व तेल बजारमा प्रभाव पारेको छ। तेलको मूल्य वृद्धिले अमेरिकामा समेत राजनीतिक दबाब सिर्जना गरेको छ। अमेरिकी सेनाले जलडमरू सुरक्षित बनाउने प्रयास गरिरहेको दाबी गरे पनि इरानले त्यस्तो कुनै गतिविधि स्वीकार गरेको छैन र हस्तक्षेप भए कडा जवाफ दिने चेतावनी दिएको छ।

यता लेबनानमा इजरायल र हिजबुल्लाहबिचको द्वन्द्व पनि जारी छ। इजरायली आक्रमणमा मृत्यु हुनेको सङ्ख्या दुई हजार नाघिसकेको लेबनानी अधिकारीहरूले जनाएका छन्। आगामी साता इजरायल र लेबनानबिच वासिङ्टनमा छुट्टै वार्ता हुने तयारी छ।

यसैबिच, इरानभित्रै पनि अमेरिकाप्रति गहिरो अविश्वास कायमै देखिएको छ। "अमेरिकासँगको वार्ताको अनुभव सधैँ असफलता र भङ्ग गरिएका प्रतिबद्धतासँग जोडिएको छ", नेता कालिबफले भन्नुभयो। यद्यपि दुवै पक्षले कूटनीतिक ढोका पूर्ण रूपमा बन्द नगरेको सङ्केत दिएका छन्।

विशेषज्ञहरूका अनुसार ठूलो र उच्चस्तरीय इरानी टोलीको सहभागिताले उनीहरू सम्झौताको सम्भावनाप्रति गम्भीर रहेको देखाए पनि आपसी अविश्वास र क्षेत्रीय जटिलताले सहमति टाढा धकेलेको छ।

# कूटनीतिबाट सैन्य लक्ष्य पूरा हुँदैन : इरान

टोकियो, २९ चैत (एएनआई)। अमेरिका–इरान तनावबिच कूटनीतिक वार्ताको औचित्यमाथि प्रश्न उठाउँदै जापानस्थित इरानी दूतावासले सैन्य आक्रमणबाट हासिल गर्न नसकिएका उद्देश्यहरू कूटनीतिका माध्यमबाट थोपर्न नसकिने स्पष्ट पारेको छ। इस्लामाबादमा भएको हालैको वार्तापछि सार्वजनिक धारणा तीव्र भइरहेका बेला इरानले आफ्नो अडान पुन: दोहोऱ्याएको हो।

दूतावासले सामाजिक सञ्जाल एक्समार्फत जारी गरेको वक्तव्यमा अमेरिकी उपराष्ट्रपति जेडी भान्सले अघि सारेको 'अन्तिम र उत्कृष्ट प्रस्ताव' लाई एकपक्षीय रूपमा प्रस्तुत गरिएको भन्दै अस्वीकार्य ठहर गरेको छ। उक्त प्रस्ताव स्वभावत: पारस्परिक हुनुपर्ने भन्दै इरानले यसलाई कुनै एक पक्षले दबाब सिर्जना गर्ने औजारका रूपमा प्रयोग गर्न नसकिने जनाएको छ।

वक्तव्यमा इरानले भान्सको 'इरानले हाम्रो सर्त स्वीकार नगर्ने छनोट गरेको छ' भन्ने अभिव्यक्तिलाई पनि जबरजस्ती तर्कको संज्ञा दिएको छ। दूतावासका अनुसार यस्तो धारणा अर्को पक्षलाई युद्धमैदानमा असफल भएका मागहरू स्वीकार गर्न बाध्य पार्ने प्रयास हो, जुन कूटनीतिक सिद्धान्तविपरीत छ। साथै, पछिल्लो द्वन्द्वको सुरुआत इरानबाट नभई अन्य पक्षबाट भएको दाबीसमेत गरिएको छ।

इरानले भान्सका अभिव्यक्तिहरूले अन्तर्राष्ट्रिय समुदायमा थप गम्भीर र आलोचनात्मक बहस आवश्यक बनाएको उल्लेख गरेको छ। 'इरानका लागि नराम्रो खबर' भन्ने टिप्पणीलाई लक्षित गर्दै दूतावासले त्यसको यथार्थ मूल्याङ्कन हुनुपर्ने बताएको छ। साथै, वार्ता आयोजना र सहजीकरणमा भूमिका खेलेको पाकिस्तानप्रति इरानले कृतज्ञता व्यक्त गरेको छ।

यसैबिच, क्षेत्रीय तनाव अझ चर्काउने सङ्केत देखिएका छन्। अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले आफ्ना दुई युद्धपोत युएसएस फ्रान्क ई. पिटरसन (डिडिजी १२१) र युएसएस माइकल मर्फी (डिडिजी ११२) ले होर्मुज जलडमरू पार गर्दै माइनबम सफा गर्ने तयारी थालेको जनाएको छ। उक्त कदमलाई उसले जलमार्ग सुरक्षित बनाउने व्यापक अभियानको हिस्सा बताएको छ।

तर इरानले अमेरिकी दाबीलाई तत्काल अस्वीकार गरेको छ। इरानी सेनाको खताम अल–अन्बिया केन्द्रीय मुख्यालयका प्रवक्ताले कुनै पनि अमेरिकी जहाज उक्त क्षेत्रमा प्रवेश गरेको दाबी असत्य रहेको बताएका छन्। उनका अनुसार होर्मुज जलडमरूमा जहाजहरूको आवागमन पूर्ण रूपमा इरानका सशस्त्र बलको नियन्त्रणमा रहेको छ।

दुवै पक्षबिच बढ्दो आरोप–प्रत्यारोपले कूटनीतिक समाधानको सम्भावनालाई थप जटिल बनाइरहेको विश्लेषण गरिएको छ, जहाँ वार्ताभन्दा बढी शक्ति प्रदर्शनले प्राथमिकता पाएको सङ्केत देखिन्छ।

# सीमा विवादमा वार्ता आग्रह

नोम पेन, २९ चैत (एएफपी)। लामो समयदेखि विवादित रहँदै आएको सीमाक्षेत्रमा पुन: तनाव बढिरहँदा कम्बोडियाले थाइल्यान्डसँग तत्काल वार्ता पुन: सुरु गर्न आग्रह गरेको छ। गत वर्ष भएका घातक झडपपछि भएको युद्धविराम सम्झौतासमेत प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको अवस्थामा कम्बोडियाले कूटनीतिक संवादलाई पुनर्जीवित गर्न जोड दिएको हो।

कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले शनिबार सामाजिक सञ्जालमार्फत जारी वक्तव्यमा दुवै देशले 'छिटो र निष्कपटताका साथ' सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको दीर्घकालीन शान्ति र सुरक्षाका लागि संवाद अपरिहार्य रहेको बताउनुभयो। "यसले साझा सीमामा बस्ने जनतालाई शान्तिपूर्वक जीवनयापन गर्न मार्गप्रशस्त गर्नेछ र कम्बोडिया यसका लागि पूर्ण रूपमा तयार छ", उहाँले उल्लेख गर्नुभयो।

तर थाइल्यान्डले भने तत्काल वार्तामा फर्किने सङ्केत दिएको छैन। थाइल्यान्डका विदेशमन्त्री सिहासाक फुआङ्गकेटकेओले शनिबार आफ्नो देश हालै नयाँ सरकार गठनको प्रक्रियामा रहेकाले तत्काल वार्ता पुन: सुरु गर्ने स्थितिमा नरहेको बताउनुभयो। उहाँले कम्बोडियाको आग्रहलाई अस्वीकार नगरे पनि थाइल्यान्डले आफ्नै आन्तरिक प्रक्रियाअनुसार निर्णय लिने स्पष्ट पार्नुभयो।

दुई देशबिच करिब ८०० किलोमिटर लामो सीमाको सीमाङ्कनबारे दशकौँदेखि विवाद रहँदै आएको छ। विवादको जड फ्रान्सेली औपनिवेशिक कालमा कोरिएका सीमारेखासँग जोडिएको छ। यो विवाद गत वर्ष हिंसात्मक झडपमा परिणत हुँदा जुलाई र डिसेम्बरमा भएका सङ्घर्षमा दर्जनौँको ज्यान गएको थियो भने १० लाखभन्दा बढी मानिस विस्थापित भएका थिए।

डिसेम्बर अन्त्यमा दुवै देशले युद्धविराम सम्झौतामा हस्ताक्षर गर्दै वार्तामार्फत समाधान खोज्ने सहमति गरेका थिए। तर, त्यसपछि पनि सीमामा तनाव कायम रहेको छ र दुवै पक्षले एकअर्कामाथि युद्धविराम उल्लङ्घनको आरोप लगाउँदै आएका छन्।

कम्बोडियाले विशेषगरी थाई सेनाले सीमावर्ती केही क्षेत्रहरू कब्जा गरेको आरोप लगाएको छ, जुन सम्झौताविपरीत रहेको भन्दै ती क्षेत्र तुरुन्त फिर्ता गर्न माग गरेको छ। यसले वार्ताको वातावरणलाई थप जटिल बनाएको विश्लेषण गरिएको छ।

यस पृष्ठभूमिमा कम्बोडियाको पछिल्लो आह्वानलाई क्षेत्रीय स्थायित्वका लागि कूटनीतिक प्रयासलाई पुन: सक्रिय बनाउने प्रयासका रूपमा हेरिएको छ, यद्यपि थाइल्यान्डको सावधानीपूर्ण धारणा कायम रहँदा तत्काल प्रगतिको सम्भावना अनिश्चित देखिएको छ।

# वार्ता विफल, युद्धविराम कायम राख्न अपिल

इस्लामाबाद, २९ चैत (एएनआई)। अमेरिका र इरानबिच शान्ति वार्ता निष्कर्षविहीन बनेपछि क्षेत्रीय तनाव थप चर्किने सङ्केत देखिएको छ। यस्तो अवस्थामा पाकिस्तानले दुवै पक्षलाई युद्धविराम कायम राख्दै संवादलाई निरन्तरता दिन आग्रह गरेको छ।

पाकिस्तानका विदेशमन्त्री इशाक दारले आइतबार दिएको वक्तव्यमा शान्तिपूर्ण समाधानको विकल्प अझै खुला रहेको उल्लेख गर्दै दुवै देशलाई सकारात्मक भावनाका साथ वार्तामा संलग्न रहन आग्रह गर्नुभयो। उहाँले क्षेत्रीय मात्र नभई विश्वव्यापी स्थायित्वका लागि पनि युद्धविरामको प्रतिबद्धता कायम राख्नु अत्यन्त आवश्यक रहेको बताउनुभयो।

दारका अनुसार पाकिस्तानले इस्लामिक गणतन्त्र इरान र संयुक्त राज्य अमेरिकाबिच संवादको वातावरण निर्माण गर्न सक्रिय भूमिका खेलेको छ र आगामी दिनहरूमा पनि सहजीकरण जारी राख्नेछ। उहाँले शान्ति वार्तामा सहभागी हुन पाकिस्तानको निमन्त्रणलाई स्वीकार गरेकोमा दुवै देशप्रति आभार व्यक्त गर्नुभयो।

उहाँले यसअघि पाकिस्तानका प्रधानमन्त्री मुहम्मद शाहबाज सरिफले तत्काल युद्धविरामको आह्वान गर्दै इस्लामाबादमा वार्ताका लागि दिएको निमन्त्रणालाई दुवै पक्षले सकारात्मक रूपमा लिएको उल्लेख गर्नुभयो। यसलाई क्षेत्रीय कूटनीतिमा महत्त्वपूर्ण पहलका रूपमा हेरिएको छ। 'इस्लामाबाद वार्ता' का रूपमा चिनिएको उक्त उच्चस्तरीय बैठकमा दुवै देशका शीर्ष अधिकारीहरूको अभूतपूर्व सहभागिता रहेको थियो। अमेरिकी टोलीको नेतृत्व उपराष्ट्रपति जेडी भान्सले गर्नुभएको थियो भने इरानी पक्षको नेतृत्व संसद्का अध्यक्ष मोहम्मद बाघेर कालिबफले गर्नुभएको थियो।

दारले आफूले चिफ अफ डिफेन्स फोर्स र सेना प्रमुख फिल्ड मार्शल सैयद असीम मुनीरसँग मिलेर करिब २४ घण्टा लामो गहन र बहुपक्षीय छलफलमा मध्यस्थता गरेको जानकारी दिनुभयो। उहाँका अनुसार वार्ता आइतबार बिहान टुङ्गिएको हो, तर अपेक्षित सहमति भने जुट्न सकेन।

वार्ता असफल भएसँगै अमेरिकी उपराष्ट्रपति भान्स इस्लामाबादबाट प्रस्थान गर्नुभएको छ। वार्तामा मुख्य विवादका विषयहरू इरानको आणविक कार्यक्रम र होर्मुज जलडमरूको नियन्त्रणसँग सम्बन्धित थिए।

यस घटनाक्रमले कूटनीतिक प्रयासहरू जारी रहे पनि आपसी अविश्वास र रणनीतिक मतभेदका कारण तत्काल समाधानको सम्भावना कमजोर देखिएको सङ्केत गरेको छ।

# हाइटी किल्लामा भागदौड, ३० जनाको मृत्यु

पोर्ट–अउ–प्रिन्स, २९ चैत (एएफपी)। हाइटीको ऐतिहासिक पर्यटकीय स्थल सिटाडेल लाफेरियरमा भएको भीडभाडपछि उत्पन्न भागदौडमा कम्तीमा ३० जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन्। स्थानीय मिडियाका अनुसार घटनापछि सरकारले गहिरो दु:ख व्यक्त गर्दै अनुसन्धान अघि बढाएको छ।

सरकारी अधिकारीहरूले फेसबुकमार्फत जारी गरेको विज्ञप्तिमा यो घटना शनिबार मिलोटस्थित युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत १९ औं शताब्दीको किल्लामा भएको 'पर्यटकीय गतिविधि' का क्रममा भएको जनाएका छन्। उक्त स्थलमा धेरै युवाहरू सहभागी भएका कार्यक्रमका बेला अचानक भीड नियन्त्रणबाहिर जाँदा दुर्घटना भएको बताइएको छ।

हाइटीको उत्तरी नागरिक सुरक्षा विभागका प्रमुख जिन हेनरी पेटिटले स्थानीय पत्रिकाले नोभेलिस्टलाई दिएको जानकारीअनुसार प्रारम्भिक रूपमा कम्तीमा ३० जनाको मृत्यु पुष्टि भएको छ। उहाँले अझै ठूलो सङ्ख्यामा मानिसहरू हराइरहेकाले मृतक सङ्ख्या बढ्न सक्ने बताउनुभयो।

घटनामा घाइते भएका दर्जनौंलाई नजिकका अस्पतालहरूमा भर्ना गरिएको छ। यद्यपि, घाइतेहरूको यकिन सङ्ख्या सार्वजनिक गरिएको छैन।

प्रारम्भिक विवरणअनुसार पर्यटकहरूलाई प्रवेशद्वारमा अत्यधिक भीडमा जम्मा गरिएको थियो। सोही क्रममा किल्लाबाट बाहिर निस्कन र प्रवेश गर्न खोज्ने समूहबिच ठेलमठेल हुँदा स्थिति नियन्त्रणबाहिर गएको बताइएको छ, जसले गर्दा भागदौड मच्चिएको हो।

सरकारले घटनाको छानबिन जारी रहेको बताउँदै नागरिकहरूलाई संयमित र सतर्क रहन आग्रह गरेको छ। विज्ञप्तिमा सबै सम्बन्धित निकायहरूलाई तत्काल परिचालन गरिएको उल्लेख गर्दै पीडितहरूलाई आवश्यक सहयोग, उपचार र राहत प्रदान गर्न उच्च सतर्कता अपनाइएको जनाइएको छ।

हाइटी सरकारले घटनाबारे विस्तृत अनुसन्धान अघि बढाइरहेको जनाएको छ भने थप विवरणहरू सङ्कलन भइरहेका छन्।

# आर्थिक समृद्धिको आधार जडीबुटी: प्रशोधन र 'ब्रान्डिङ' मा जोड

प्रगति ढकाल

काठमाडौँ, २९ चैत । अमूल्य जडीबुटी तथा जैविक विविधताका दृष्टिले हाम्रो मुलुक विश्वको समृद्ध देश मानिए पनि स्वदेशी जडीबुटीको प्रयोग प्रचुरमात्रामा नहुँदा राष्ट्रलाई आर्थिक विकासको बाटोमा अग्रसर गराउने प्रयत्न साकार भएको छैन ।

कच्चा पदार्थका रूपमा निर्यात हुँदै आएको जडीबुटीलाई ब्रान्डिङ गरेर मुलुकको आर्थिक समृद्धिको आकाङ्क्षा पूरा गर्न सकिने वनस्पति जगत्का जानकारका साथै व्यापारी र जडीबुटीमा सरोकार भएकाहरूले बताएका छन् । उपलब्ध स्रोतको सही उपयोग गरेर स्वदेशमा बृहत् आयुर्वेद अस्पताल र औषधि उद्योग सञ्चालन गर्न सकिने उनीहरूको कथन छ ।

हामी दिनप्रतिदिन विदेशी औषधिमा परनिर्भर बन्दै गएका छौँ भने अर्कातर्फ हाम्रा यी सम्पदाहरू कच्चा रूपमै सस्तो भाउमा विदेशिने गरेका छन् । यसले गर्दा हाम्रो देशको जडिबुटीको भण्डारण रित्तिँदै गएको बताइन्छ । जानकारहरू जडिबुटीहरूको सही सदुपयोग गर्न नसकी निर्यात गर्दा तिनको उचित मूल्य पनि पाउन नसकिएको बताउँछन् ।

त्यसैले अब जडिबुटी, गैरकाष्ठ वन पैदावर एवं समग्र जैविक विविधतामा अब हामीले समृद्धि खोज्नुपर्दछ र औषधिका लागि हामी आफैँ आत्मनिर्भर बन्नुपर्दछ । हिजोको दिनमा हरियो वन नेपालको धन भनेजस्तै अब आगामी दिनमा हामीले समृद्धिका लागि जडिबुटी भन्ने नारा तय गरेर अघि बढ्नुपर्छ ।

नेपालका यी जडिबुटी सम्पदालाई विश्व बजारसम्म पुऱ्याउन सकिएमा नेपालको समृद्धिको सपना पूरा गर्न लामो समय हामी कुर्नु पर्दैन । सन् २०२४र०२५ मा नेपालबाट २ दशमलव ०४ अर्ब रूपैयाँ बराबरको जडिबुटी निर्यात भएको बताउनुहुन्छ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका सूचना अधिकृत कृष्णराज बजगाई । यसमध्ये पनि नेपालमा सङ्कलन भएका जडिबुटीमध्ये करिब ९० प्रतिशत कच्चा रूपमै निर्यात हुने गरेको पाइएको छ ।

ती प्राय: औषधीय गुण भएका गैरकाष्ठ वन पैदावरलाई हामीले स्वदेशमै औषधि निर्माण र अन्य काममा स्वदेशमै प्रयोग गर्न सकेमा मुलुकका लागि धेरै ठुलो लाभ मिल्ने थियो । कच्चा पदार्थका रूपमा नै निर्यात गर्दा भने हामीले ती अमूल्य जडिबुटीहरूको खास मूल्य पाउनै सकेका छैनौँ ।

नेपालमा जडिबुटी तथा गैरकाष्ठ वन पैदावार क्षेत्रमा उच्च सम्भावना रहे पनि यसको पर्याप्त उपयोग हुन नसकेको तथ्याङ्कले देखाएको छ । वनस्पति विभागका अनुसार हालसम्म देशभर ८१९ प्रजातिका जडिबुटी पहिचान भएका छन्, जसमध्ये ३३ प्रजातिलाई आर्थिक विकासका लागि प्राथमिकतामा राखिएको छ ।

विभागका अनुसार खेती प्रविधिका लागि १३ प्रजाति सिफारिस गरिएका छन् भने करिब १२० प्रजातिको खेती भइरहेको छ । त्यस्तै, करिब २०० प्रजातिबाट सुगन्धित तेल (इसेन्सियल आयल) उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

विभागका अनुसार हाल जडिबुटी क्षेत्रबाट वार्षिक औसत १ अर्ब २४ करोड रूपैयाँ बराबरको निर्यात हुने गरेको छ । यद्यपि, विश्व बजारमा नेपालको हिस्सा भने अत्यन्त न्यून–करिब ०.००६ प्रतिशत मात्र रहेको तथ्याङ्कले देखाउँछ ।

हाल करिब १०० प्रजाति व्यापारिक प्रयोजनमा प्रयोग भइरहेका छन्, जसमध्ये २० प्रजातिले मात्रै कुल व्यापारको ८० प्रतिशतभन्दा बढी हिस्सा ओगटेका छन् । नेपालमा पाइने २५० भन्दा बढी जडिबुटी प्रजाति भविष्यमा व्यापारिक रूपमा उपयोग गर्न सकिने सम्भावना रहेको विभागको आकलन छ ।

जडिबुटी तथा गैरकाष्ठ वन पैदावारले नेपालको कुल वैदेशिक निर्यातको करिब १० प्रतिशत हिस्सा ओगट्दै आएको विभागको तथ्याङ्कमा उल्लेख छ । यस क्षेत्रलाई व्यवस्थित गर्न सके व्यापार घाटा न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुग्ने सरोकारवालाहरू बताउँछन् ।

सरकारले 'हिमालयन हर्ब्स' ब्रान्डिङमार्फत जडिबुटी क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने योजना अघि सारेको छ । हाल वार्षिक करिब ७.७ अर्ब रूपैयाँ बराबर रहेको निर्यातलाई आगामी चार वर्षभित्र ३० अर्ब रूपैयाँ पुऱ्याउने लक्ष्य लिइएको विभागको भनाइ छ ।

### ९० प्रतिशत कच्चा रूपमै निर्यात

वनस्पति विभागका महानिर्देशक डा. सञ्जीव कुमार राईले सङ्कलन भएका जडिबुटीमध्ये करिब ९० प्रतिशत कच्चा रूपमै निर्यात हुने गरेको बताउनुभयो । "जसका कारण मुलुकले अपेक्षित मूल्य अभिवृद्धि गर्न सकेको छैन," उहाँले भन्नुभयो, "संरचना सुदृढीकरण, नवीन प्रविधि र पुँजीको उपयोग आवश्यक रहेको बताइएको छ । साथै, परम्परागत ज्ञान र आधुनिक विज्ञानको समन्वय, प्रशोधन तथा मूल्य अभिवृद्धि, बजार विस्तार र सार्वजनिक-निजी-सामुदायिक सहकार्य अपरिहार्य मानिएको छ ।"

राईका अनुसार अनुसन्धान र विकासमा लगानी वृद्धि गर्दै जडिबुटीलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सके नेपाललाई 'जडिबुटीको अन्तर्राष्ट्रिय भण्डार'का रूपमा स्थापित गर्न सकिने सम्भावना रहेको छ । "नेपालमै प्रशोधन गरेर औषधि उत्पादन गर्न सके समृद्धिको बलियो आधार तयार हुन्छ," उहाँले भन्नुभयो ।

डा. राईले आधुनिक विज्ञानसँग मेल खाने गरी जडिबुटीमा अध्ययन-अनुसन्धानलाई तीव्र बनाउँदै रासायनिक संरचना पहिचान गरी पेटेन्ट लिन सकिने सम्भावना औँल्याउनुभयो । यसले अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको विश्वसनीयता र प्रतिस्पर्धात्मक क्षमता बढाउने उहाँको भनाइ छ ।

हाल अधिकांश जडिबुटी जङ्गली अवस्थाबाट मात्रै सङ्कलन हुने गरेको उल्लेख गर्दै राईले यसको दीगो व्यवस्थापनका लागि व्यावसायिक खेती विकास आवश्यक रहेकोमा जोड दिनुभयो । "खेती प्रणालीमा विस्तार गर्न सके उत्पादन बढ्छ, रोजगारी सिर्जना हुन्छ र आयात प्रतिस्थापनसँगै निर्यात बढाउन सकिन्छ," उहाँले भन्नुभयो ।

राईले जडिबुटीको प्रभावकारी बजारिकरण, प्रशोधन उद्योग स्थापना र अन्तिम उत्पादन वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । सुरुवाती लगानी अभाव मुख्य चुनौती भएको उल्लेख गर्दै उनले निजी क्षेत्रलाई प्रोत्साहन गर्न सहुलियत नीति आवश्यक रहेको बताउनुभयो ।

विभागका अनुसार नेपालबाट निर्यात हुने जडिबुटीमध्ये यार्सागुम्बाको मूल्य उच्च रहे पनि तेजपात सबैभन्दा बढी व्यापार हुने वस्तुका रूपमा रहेको छ । उहाँले जडिबुटी क्षेत्रलाई समृद्धिको आधार बनाउन दीर्घकालीन नीति, अनुसन्धानमा लगानी र उत्पादन-प्रशोधन-बजारीकरणलाई एकीकृत रूपमा अघि बढाउन आवश्यक रहेकोमा जोड दिनुभयो ।

### प्रशोधन र ब्रान्डिङमा जोड

सरकारी स्वामित्वमा रहेको कोटेश्वरस्थित जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनीले नेपालमा जडिबुटी क्षेत्रको सम्भावना राम्रो रहेको जनाएको छ । कम्पनीको निमित्त महाप्रबन्धक उषा रिजालले पहाडदेखि तराईसम्म प्रशस्त मात्रामा पाइने जडिबुटीको उचित उपयोग गर्न सके मुलुकको आर्थिक समृद्धिमा महत्त्वपूर्ण योगदान पुग्ने बताउनुभयो ।

रिजालका अनुसार कम्पनीले पामारोजा, लेमनग्रास, सिट्रोनेला, मेन्था, केमोमाइल र फ्रेन्च बेसिलजस्ता बालीको खेती विस्तार गर्दै आएको छ भने मसलाजन्य पातको सङ्कलन र प्रशोधनसमेत गरको छ । "हामीले कच्चा जडिबुटीलाई मूल्य अभिवृद्धि गर्दै विभिन्न उत्पादन तयार गरिरहेका छौँ," उहाँले भन्नुभयो, "सन्चो, हिमालयन मसाज आयल, शिलाजित पेस्ट, हिमालयन मसाज क्रिम, एरोमाथेरापी सेट र सन्चो बामजस्ता उत्पादन बजारमा ल्याएका छौ । यस्ता उत्पादनले स्वदेशी बजारमा स्थान बनाउँदै अन्तर्राष्ट्रिय बजारमा समेत विस्तारको सम्भावना बोकेको छ ।"

अन्तर्राष्ट्रिय बजार विस्तारका लागि अर्गानिक प्रमाणपत्र (सर्टिफिकेट) महत्त्वपूर्ण हुने उल्लेख गर्दै रिजालले त्यसको अभावमा निर्यातमा केही कठिनाइ भइरहेको बताउनुभयो । "अर्गानिक सर्टिफिकेट प्राप्त गर्न सके नेपाली जडिबुटीजन्य उत्पादनलाई विश्व बजारमा सहज रूपमा विस्तार गर्न सकिन्छ," उहाँले भन्नुभयो ।

नेपालमा उत्पादन हुने जडिबुटीजन्य वस्तुहरू भारत र चीनबाट आयात हुने समान प्रकृतिका बस्तुको तुलनामा महँगो हुने गरेको उल्लेख गर्दै रिजालले यसको प्रमुख कारण ठुलो परिमाणमा उत्पादन गर्न नसकिएको बताउनुभयो । "हामीले अझै ठुलो स्केलमा उत्पादन गर्न सकेका छैनौँ, जसका कारण लागत बढी पर्छ," उहाँले भन्नुभयो ।

सरकारबाट पर्याप्त अनुदान नपाएको गुनासो गर्दै रिजालले वार्षिक करिब १३ करोड रूपैयाँ आम्दानी गर्दै आएको बताउनुभयो । भदौ २३ र २४ को 'जेन्जी आन्दोलन' मा कम्पनीको भवन जलाएका कारण करिब ११ करोड रूपैयाँ बराबरको क्षति व्यहोरेको उहाँले जानकारी दिनुभयो ।

हाल कम्पनीले क्षतिग्रस्त संरचना पुनर्निर्माण, मेसिन मर्मत तथा उत्पादन पुन:स्थापनामा काम गरिरहेको जनाउँदै रिजालले आगामी दिनमा आम्दानी बढाउने लक्ष्यसहित अघि बढिरहेको बताउनुभयो । उहाँले जडिबुटी क्षेत्रमार्फत राष्ट्रिय अर्थतन्त्र मजबुत बनाउन सरकारी लगानीमा यस्ता उद्योगहरूको विस्तार आवश्यक रहेको औँल्याउनुभयो । "जडिबुटीमा आधारित उद्योगहरू विस्तार गर्न सके आयात प्रतिस्थापन मात्र होइन, रोजगारी सिर्जना र निर्यात प्रवर्द्धनमा समेत टेवा पुग्छ," उहाँले भन्नुभयो, "यसका लागि निजी क्षेत्रको सहभागिता पनि बढाउन जरुरी छ ।"

### कानुनी जटिलताले अवरोध

सामुदायिक वन उपभोक्ता महासङ्घ ( फोकोफन) का अध्यक्ष ठाकुरप्रसाद भण्डारीले सामुदायिक वन क्षेत्रमा जडिबुटी खेतीको सम्भावना उच्च रहे पनि कानुनी जटिलताले यसको विकासमा अवरोध सिर्जना गरेको बताउनुभएको छ । भण्डारीका अनुसार महासङ्घले १० जिल्लामा जडिबुटीसम्बन्धी छलफल गर्दै उत्पादन, प्रशोधन, बजार अवस्था तथा कानुनी व्यवस्थाबारे अध्ययन गरेको छ । "उत्पादकसँगको संवादबाट जडिबुटीमा राम्रो सम्भावना देखिएको छ," उहाँले भन्नुभयो, "तर कानुनी प्रक्रिया जटिल हुँदा उद्यम स्थापना गर्न र उत्पादन ओसारपसार गर्न समस्या भइरहेको छ ।"

उहाँले जडिबुटी सङ्कलन तथा निकासीका लागि धेरै प्रक्रिया पूरा गर्नुपर्ने भएकाले कृषक र उद्यमी दुवै निरुत्साहित भइरहेको बताउनुभयो । "उद्यम खोल्न नपाउने, ओसारपसारमा झन्झट हुनेजस्ता समस्याले क्षेत्रको विकास अवरुद्ध भएको छ," उहाँले भन्नुभयो ।

भण्डारीले जडिबुटी कृषकलाई प्रोत्साहन गर्न सरकारी अनुदान आवश्यक रहेकोमा जोड दिनुभयो । पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा जडिबुटीको माग बढ्दै गएकाले उत्पादन वृद्धि गर्न सके मुलुक आत्मनिर्भर बन्न सक्ने उहाँको भनाइ छ । "जडिबुटीबाटै मुलुकको अर्थतन्त्र उकास्न सकिन्छ," उहाँले भन्नुभयो, "कोभिडपछि थलिएको अर्थतन्त्र पुन:उत्थानका लागि जडिबुटी निर्यात प्रवर्द्धन गर्ने नीति आवश्यक छ ।"

उहाँले उत्पादन बढाउन खेती विस्तारमा जोड दिनुपर्ने र कृषकलाई आवश्यक सहजीकरण गर्नुपर्ने उल्लेख गर्नुभयो । साथै, बजार संरचनामा सुधार नगर्दा बिचौलियाले बढी नाफा लिने र कृषकले उचित मूल्य नपाउने अवस्था देखिएको उहाँले बताउनुभयो ।

"हामीले उपभोक्तासँगको संवादका क्रममा कृषकभन्दा बिचौलियाले बढी लाभ लिइरहेको पायौँ," उहाँले भन्नुभयो, "यसलाई नियन्त्रण गर्दै उद्यम विकासमा नयाँ सरकारले प्राथमिकता दिनुपर्छ ।" भण्डारीले जडिबुटी क्षेत्रलाई व्यवस्थित र प्रतिस्पर्धी बनाउन कानुनी सुधार, उत्पादन वृद्धि र बजार व्यवस्थापनमा एकीकृत पहल आवश्यक रहेकोमा जोड दिनुभयो ।

### निर्यात अर्गानिक प्रमाणीकरण आवश्यक

वनविद् डा. नविन जोशीले स्वदेशमा उत्पादन हुने जडिबुटी तथा वन पैदावारको निर्यात अभिवृद्धिका लागि अर्गानिक र वन प्रमाणीकरणलाई राज्यले प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभएको छ । उहाँका अनुसार पछिल्लो समय अर्गानिक प्रमाणीकरण भएका जडिबुटीको अन्तर्राष्ट्रिय बजारमा माग बढ्दै गएको छ ।

"अर्गानिक सर्टिफिकेसन हुँदा विदेशी खरिदकर्ताको विश्वास बढ्छ, जसले निर्यात विस्तारमा सहयोग पुऱ्याउँछ," डा. जोशीले भन्नुभयो, "तेस्रो मुलुकबाट आउने माग पूरा गर्न प्रमाणीकरण अत्यावश्यक बन्दै गएको छ ।"

नेपालका हिमाली वन तथा घाँसे मैदानहरू विश्वका उत्कृष्ट जैविक विविधता केन्द्रहरू रहेको भन्दै जोशीले नेपालमा ४० भन्दा बढी मुख्य वनस्पति तथा फङ्गी (ढुसीजस्ता प्रजातिहरू) को सङ्कलन तथा अन्तर्राष्ट्रिय व्यापार हुने बताउनुभयो । "यी स्रोतहरू अत्यधिक र समयभन्दा पहिले नै दोहन, अनौपचारिक व्यापार, असमान आपूर्ति शृङ्खला तथा जलवायु परिवर्तनको कारण जोखिममा परेका छन्, जसले वन आश्रित समुदायको जीविकोपार्जनलाई समेत प्रभावित पारेको छ," उहाँले भन्नुभयो, "अन्य चुनौतीहरूमा दिगो सङ्कलन मात्राको अपर्याप्त जानकारी, स्रोत अनुगमनको विधि, र व्यापार नियमन समावेश छन् । मुख्य बजारहरूसँगको सम्बन्धलाई बलियो बनाउँदै वनजङ्गलबाट सङ्कलन हुने उत्पादनहरूको दिगोपना र व्यापार दुवैमा सुधार गर्ने ठुला अवसरहरू छन् ।"

जडिबुटी उत्पादक तथा व्यवसायी सङ्घका अनुसार हाल नेपालमा तेस्रो मुलुकतर्फ जडिबुटी निर्यात गर्ने करिब २५ वटाभन्दा बढी कम्पनी अर्गानिक रूपमा प्रमाणित भइसकेका छन् । मसलाजन्यदेखि कस्मेटिक प्रयोजनका जडिबुटी उत्पादनमा प्रमाणीकरणपछि निर्यात प्रक्रिया सहज बन्दै गएको बताउनुहुन्छ सङ्घका पूर्वअध्यक्ष गोविन्द घिमिरे ।

यद्यपि, विभिन्न मुलुकका फरक-फरक गुणस्तर मापदण्डका कारण निर्यात प्रक्रियामा चुनौती रहेको उहाँको भनाइ छ । घिमिरेले सरकारले अर्गानिक उत्पादन निर्यात गर्दा सर्टिफिकेसन शुल्कमा अनुदान दिने नीति ल्याए पनि कार्यान्वयनमा कमजोरी देखिएको बताउनुभयो । उहाँले अर्गानिक प्रमाणीकरण गरी तेस्रो मुलुक निर्यात गर्न इच्छुक कम्पनीलाई आवश्यक वातावरण र पर्याप्त बजेट व्यवस्था गर्न सरकारसँग आग्रह गर्नुभयो । साथै, अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न व्यवसायीलाई प्राविधिक तथा नीतिगत सहयोग आवश्यक रहेने सरोकारवालाको सुझाव छ ।

### जडीबुटीको प्रशोधन र ब्रान्डिङबाट निर्यात बढाउनुपर्छ : निजी क्षेत्र

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवाल ले नेपालको वनसम्पदालाई आर्थिक समृद्धिको आधारका रूपमा उपयोग गर्नुपर्नेमा जोड दिनुभएको छ । "नेपालको वन हरियो धन" भन्ने भनाइलाई व्यवहारमा उतार्दै वृक्षारोपणलाई निरन्तरता दिनुका साथै वनस्पति स्रोतको व्यावसायीकरण आवश्यक रहेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार नेपालमा उपलब्ध प्रचुर मात्रामा रहेका कच्चा जडीबुटीलाई प्रशोधन र ब्रान्डिङ गरी उच्च मूल्य अभिवृद्धिसहित अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्नुपर्ने आवश्यकता छ । "कच्चा पदार्थकै रूपमा निर्यात गर्ने प्रवृत्ति अन्त्य गरी मूल्य अभिवृद्धि भएका उत्पादनमा जोड दिनुपर्छ," उहाँले भन्नुभयो ।

नेपाल चेम्बर अफ कमर्स का अध्यक्ष अग्रवालले औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई समेत व्यावसायीकरण गर्नुपर्ने धारणा राख्नुभयो । अग्रवाल गाँजाबाट बहुमूल्य तथा औषधीय उपयोगका उत्पादन विकास गरी निर्यात गर्न सकिने उल्लेख गर्नुभयो । साथै यसको जरा र बोक्राबाट कपडा उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न आवश्यक नीति ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँका अनुसार स्वदेशमै उपलब्ध कच्चा पदार्थको अधिकतम उपयोग गर्दै उत्पादन वृद्धि र निर्यात प्रवर्द्धनमा ध्यान केन्द्रित गर्न सके देशमा ठुलो मात्रामा रोजगारी सिर्जना गर्न सकिन्छ । अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक रूपमा बजारीकरण गर्न सके जडीबुटी तथा वनस्पति क्षेत्रमा उच्च सम्भावना रहेको उहाँको भनाइ छ ।

अग्रवालले सरकारले स्पष्ट नीति, सहजीकरण र लगानीमैत्री वातावरण सिर्जना गर्न सके वनस्पति क्षेत्रले नेपालको अर्थतन्त्र उकास्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल वर्षौंदेखि राजनीतिक अस्थिरता, आन्दोलन, महामारी र संरचनागत कमजोरीले थलिएको अवस्थामा छ । यस्तो अवस्थामा यतिखेर देशमा युवा नेतृत्वको सरकार बनेको छ र यसले सुशासन, समृद्धि र भ्रष्टाचार नियन्त्रणलाई आफ्नो मुख्य प्राथमिकतामा राखेको पनि छ । तर, यो प्राथमिकता पूरा गर्न पनि आर्थिक आधार सुदृढ बनाउनु अपरिहार्य छ । जडीबुटी क्षेत्र, समृद्धिको एक महत्त्वपूर्ण आधार बन्न सक्छ । वर्तमान सरकारले यस वास्तविकतालाई मनन गर्नुपर्दछ । ***(रासस)***

---

***सय...***

'के मलाई एक महिना नेपाली परिवारमै खाने र बस्ने बन्दोबस्त हुनसक्छ ?' जापानी केटीले झोलाभरि भक्तपुरका सामान किनेकी छिन् । ती सबै भक्तपुरकै गल्ली र चोकमा बनाइएका हुन् । बुट्टा कुँदेका काठका, धातुका, ढुङ्गाका र कपडाका उपहार दिने सामान र केही पुस्तक उनको झोलामा थियो ।

'अवश्य ! 'नेपालीले जापानी भाषामा सम्झाउँदै भन्छ 'यहाँ तपाईं कुनै पनि टोलमा गएर बस्न सक्नुहुन्छ, तपाईंले आफ्नो परिचयपत्र वा राहदानी देखाउनु होला, मूल्य निश्चित छ, आफ्नो मनपर्ने खाजा र खाना अनि खाने समय मिलाउनु होला, घरकी आमा घरपतिले कोठाको पनि बन्दोबस्त गरिदिनुहुनेछ ।'

जापानी केटी सोध्छिन्, 'के घरपति आमा र बाले जापानी भाषा बोल्नुहुन्छ ?' 'अँ, यहाँका हरेक तेस्रो व्यक्ति जापानी, जर्मन र ल्याटिन भाषा बोल्छन् र बुझ्छन् । अङ्ग्रेजी त झन्डै आधी मानिसहरू बोल्छन् र बुझ्छन् । त्यस्तै यहाँ मानिसहरू चिनियाँ र भारतीय भाषाहरू पनि बोल्छन् ।'

'कसरी ?'- जापानी केटी जिज्ञासा पोख्छिन् ।

'यहाँ हरेक विद्यार्थीले दुई विदेशी भाषा पढ्छन् । माध्यमिक शिक्षापछि अन्य भाषाहरू पनि पढ्छन् । यहाँ विभिन्न भाषाका धेरै अध्ययन संस्थान र महाविद्यालयहरू छन्'- नेपालीले पाहुनाको जिज्ञासा मेटाउँछ ।

साँझपख सबै पोखरीहरूमा रङ्गीचङ्गी झिलिमिली बत्ती बलिरहन्छन् । चारैतिर फोहराले वर्षाएका पानीका थोपाहरूमा रङ्गीचङ्गी बत्तीले इन्द्रेणीलाई फिक्का बनाइदिन्छ । नगरभित्र यातायातको कुनै साधन चल्दैनन्, सबै पर्यटकहरू फूर्तिसाथ चारैतिर हेर्दै फोटो खिच्दै पैदल घुम्छन् । बाटोको बायाँबाट जाने र दायाँबाट आउने बन्दोबस्तले गर्दा भीडको अनुभव हुँदैन । तर हरेक पुरुष पर्यटकले एउटा भादगाउँले टोपी लगाएकै हुन्छ भने केटी पर्यटकले एउटा सानो भक्तपुरे खास्टो वा झोला भिरेकै हुन्छ ।

लाय्कू, टौमढी, दत्तात्रय चोक र गल्ली सबै बत्तीले झकिझकाउ छन् । एक क्यानाडेली युवकले आफ्नो केटी साथीलाई ङातापोल्हँ पोस्टकार्डमा पत्र लेख्दै थियो- 'भक्तपुर आश्चर्यजनक नगर हो । बिहान प्राचीन सहर जस्तो ! दिउँसो विश्वविद्यालय जस्तो र राति साँच्चै प्राचीन लुगा लगाएकी आधुनिक नर्तकी वा सुन्दरी जस्तो ! म एक महिना नेपाल बस्छु, यहाँको जनजीवन अध्ययन गर्छु, त्यतिबेलासम्म तिमी आइपुग्ने छौ भन्ने म आशा र विश्वास गर्छु । यो साँच्चै पृथ्वीको स्वर्ग हो । यहाँका मानिसहरू साह्रै सरल, मिलनसार र मायालु छन् । नेपाल तिमीलाई पराइ लाग्ने छैन, यहाँ तिम्रो भाषा बुझ्ने मात्र होइन बडो राम्रो बोल्छन् पनि । यहाँ अब मानिसले मानिसलाई शोषण गर्दैन ।'

विभिन्न देशका पर्यटकहरू आ-आफ्नै देशका भेषभूषा वा मनपर्ने लुगा लगाएर आवतजावत गर्दा र विविध भाषा र उच्चारण सुन्दा भक्तपुर साँच्चै 'उत्सवको सहर' वा 'बाह्रैमासे चाडको नगर' भनी पर्यटकहरू टिप्पणी गर्छन् ।

एकजना चिनियाँ पत्रकारले नेपाली मित्रलाई भन्छ, 'के तपाईं लाई थाहा छ, आज संसारमा सबभन्दा बढी चित्र भक्तपुरकै छापिन्छ ।' भारतीय मित्रले हिन्दीमा थप्यो, 'यो कुरो त मैले पनि सुनेँ ।'

त्यसैले भन्दै छन्, 'नेपाल आएर भक्तपुर आएन भने उसले आधा संसारकै यात्रा नगरे सरह हुन्छ ।'

# शिक्षकलाई राजनीतिबाट अलग्याउन खोज्नु आफै एउटा प्रतिक्रियावादी राजनीति




भक्तपुर, २९ चैत । भक्तपुरका सार्वजनिक माध्यमिक विद्यालयहरूको संयुक्त परीक्षा समितिको आयोजनामा स्थानीय वागीश्वरी मा.वि.को प्राङ्गणमा ४६ औँ शिक्षक दिवस निवृत्त शिक्षकहरूको सम्मान गरी मनाइयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले शिक्षक प्राध्यापक विद्यार्थीलाई राजनीतिबाट अलग्याउन खोज्नु आफै एउटा प्रतिक्रियावादी राजनीति भएको बताउनुभयो ।

उहाँले वर्तमान सरकारको यो सोच गलत भएको चर्चा गर्दै यसमा सम्पूर्ण शिक्षक प्राध्यापक विद्यार्थीहरू सचेत हुन आवश्यक छ भन्नुभयो ।

उहाँले अवकाशपछिको जीवनलाई अझ बढी सक्रिय बनाउनुपर्ने सुझाव दिँदै शिक्षण पेसामा आफूले बिताएको लामो समयको अनुभव लेख्न पनि सुझाउनुभयो ।

शिक्षक दिवसको सन्दर्भमा उहाँले निर्दलीय पञ्चायती व्यवस्थामा राजनीतिक गतिविधि प्रतिबन्धित अवस्थामा पेसागत आर्थिक आन्दोलन उठाइएको र पछि त्यही आन्दोलन राजनीतिक आन्दोलनका रूपमा फेरिएको पनि बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले २०३६ सालमा भएको शिक्षक आन्दोलनले पञ्चायती व्यवस्थालाई चैत २९ गते घुँडा टेकाउन सफल भएकाले हरेक वर्ष यो दिन शिक्षक दिवस मनाउँदै आएको चर्चा गर्दै त्यसबेला जस्तो अहिले शिक्षक एकता नहुँदा सरकारले शिक्षकको सुनुवाइ नगरेको बताउनुभयो ।

अहिलेको बालेन सरकारले शिक्षामा अराजकता ल्याउन खोजेको उदाहरण दिँदै उहाँले विद्यार्थी भर्ना अभियान रोक्नु, हप्तामा दुई दिन बिदा दिनु, शैक्षिक सत्र पछि सार्नु लगायतका आदेशले निजी विद्यालय पोसिरहेको बताउनुभयो ।

एक महिनामै एसईई परीक्षाको नतिजा निकाल्ने नाममा परीक्षाको विश्वसनीयता र मर्यादाको ख्याल नराखेको बताउँदै उहाँले न्यून विद्यार्थी भएका विद्यालयलाई ठुला विद्यालयमा मर्ज गर्ने सरकारी नीति गलत भएको र कमजोर विद्यालयलाई सबल बनाउने प्रयास गरे सफल भएका उदाहरण दिनुभयो ।

कार्यक्रममा ऐतिहासिक शिक्षक आन्दोलनका अगुवाइ गरेका निवृत्त शिक्षक मोहनप्रसाद प्रजापतिले शिक्षक आन्दोलनको अनुभव सुनाउँदै नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको नेतृत्वमा रहेका अगुवाहरूको गलत व्यवहारले शिक्षक सङ्गठन टुटफुट भएको बताउनुभयो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले निवृत्त शिक्षकहरू वासु माविका प्रेम मगर र राजेन्द्र प्रधान, समाज सुधार माविका चञ्चला पोटे श्रेष्ठ र गणेश मावि छालिङका कृष्णकुमार दुवाललाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो भने समितिअन्तर्गतका १७ विद्यालयका ६६ जना शिक्षक शिक्षिकाहरूलाई पनि पाठ योजना डायरीको राम्रो उपयोग गरेकोमा सम्मान गरिएको थियो ।

कार्यक्रममा समितिका सदस्य सचिव लक्ष्मीनारायण दुवालले समितिको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

आयोजक समितिका अध्यक्ष एवं शारदा माविका प्रअ रोशनराज तुइतुईको सभापतित्वमा भएको उक्त कार्यक्रममा वागीश्वरी माविका प्रअ कृष्णप्रसाद कर्माचार्यले स्वागत मन्तव्य दिनुभएको थियो ।

# राजनीतिक पार्टीहरूको आर्थिक र विदेश मामिला मौलिक हुनु आवश्यक

भक्तपुर, २९ चैत । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिको आयोजनामा नव वर्ष २०८३ साल एवं बिस्का जात्राको शुभकामना आदानप्रदान कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।




कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले राजनीतिक पार्टीहरूको आर्थिक र विदेश मामिला मौलिक हुनु आवश्यक छ । एउटै आर्थिक र विदेश मामिला भएका पार्टीहरूको अलग अस्तित्व जरुरी छैन भन्नुभयो ।

"रास्वपा सरकार निरन्तरताबाट बिच्छेद नहुने भए यसको औचित्य साबित हुँदैन । पुराना शासक पार्टीहरूको सहयोगमा यसअघि दुई पटक सरकारको उपप्रधानमन्त्रीसहित मन्त्री हुन गएको रास्वपा नयाँ होइन ।" उहाँले भन्नुभयो ।

उहाँले भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनीका दोषीहरूलाई कारबाही हुनु आवश्यक छ भन्नुभयो ।

उहाँले सहकारी संस्था आर्थिक कारोबारमा मात्र सीमित हुनु उपयुक्त होइन; संस्थाका सदस्यहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा शिक्षित गर्नु जरुरी हुन्छ भन्नुभयो ।

उहाँले सहकारी संस्थाहरू ठगीमा किन लागे ?, ठगी रोक्न सरकारी संस्थाको सञ्चालन कसरी हुनुपर्ने हो भन्ने विषयमा सहकारी संस्थाहरूले सदस्यहरूसँग छलफल गरी सुझाव दिनु जरुरी छ भन्नुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट विभिन्न निर्देशनहरू जारी भएको जानकारी गराउँदै संस्था ती निर्देशनहरूको पालना गरी अरू सहकारी संस्थाभन्दा फरक तवरबाट अघि बढ्दै जानुपर्ने बताउनुभयो ।

संस्थाका उपाध्यक्ष विष्णुराम दुमरुले सहकारीमार्फत सदस्यहरूको बचत परिचालन गरी सदस्यहरूलाई उद्यमी बनाउँदै जानुपर्ने बताउँदै अनुत्पादक क्षेत्रमा लगानी गर्दा सहकारी संस्था समस्यामा पर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा संस्थाका सचिव विष्णुप्रसाद दुमरुले संस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरण र कर्जा सूचना केन्द्रमा दर्ता भइसकेको बताउनुभयो ।

संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले संस्थामा २५ करोड ४३ लाख शेयर पुँजी, २७ करोड ५८ लाख जगेडा कोष, २ अर्ब ७० करोड ८ लाख कुल बचत, १ अर्ब ९४ करोड ६२ लाख र ३ अर्ब ३७ करोड १ लाख कुल सम्पत्ति रहेको वित्तीय जानकारी दिनुभयो ।

संस्थाका पूर्वअध्यक्ष एवं सञ्चालक सदस्य कृष्णगोविन्द लाखाजुले सदस्यहरूलाई वित्तीय रूपमा सचेत गर्न नियमित वित्तीय साक्षरता कार्यक्रमहरू सञ्चालन गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संस्थाका पूर्वअध्यक्ष एवं सञ्चालक सदस्य हरिरत्न गोर्खालीले हाल समुदायमा आधारित सहकारी संस्थाहरू पनि समस्यामा पर्ने गरेको बताउँदै ती सहकारी संस्थाहरूलाई असल अभ्यासबारे सचेत र जानकार गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संस्थाका निवर्तमान अध्यक्ष एवं सञ्चालक सदस्य राजन लाखाजुले सहकारी संस्थाहरूलाई नकारात्मक सोचले हेरिने वर्तमान अवस्थामा पनि सिद्धि गणेश साकोसले सामाजिक भावनाका साथ समुदायमा आधारित भई उदाहरणीय कार्यहरू गर्दै आएको बताउनुभयो ।

संस्थाका लेखा सुपरिवेक्षण समिति संयोजक रामप्रसाद लाखाजुले ३२ वर्षको अन्तरालमा बजारमा आएका विभिन्न समस्याहरूको सामना गरी सदस्यहरूको विश्वास जित्न सफल भएकोले संस्था सफल भएको उल्लेख गर्नुभयो । कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाईले पनि बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म: २०३७/०४/०५
निधन: २०८२/११/१७

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ६ ब्यासी टोल बस्ने यस संस्थाका सदस्यता नं. १६६७८ का सदस्य **गिरी गोविन्द राजचलको** असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर


**अध्यक्ष...**

उहाँले पुस्तकले नयाँ पुस्तालाई सचेत र मार्गनिर्देश गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो ।

सम्पदाविद् रवीन्द्र पुरीले करिब १० वर्षअघि यस पुस्तकबारे अङ्ग्रेजी भाषामा परिचर्चा गर्ने अवसर पाएको स्मरण गर्दै पुस्तकको दूरदर्शी सोच आज पनि उत्तिकै सान्दर्भिक रहेको बताउनुभयो ।

स्रष्टा समाजका अध्यक्ष लक्ष्मण जोशीले उक्त पुस्तकलाई भक्तपुर नगरपालिकाको मार्गदर्शन मात्र नभई समग्र गुरुयोजनाका रूपमा व्याख्या गर्नुभयो । उहाँले नगरलाई उत्कृष्ट बनाउन पुस्तकले महत्त्वपूर्ण भूमिका खेल्ने तथा सम्पदाको विकासका लागि स्पष्ट खाका कोर्न सहयोग पुग्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुर नगरको विकासमा पुस्तकले महत्त्वपूर्ण मार्गनिर्देशन गरेको उल्लेख गर्नुभयो ।

राजेन्द्रबहादुर कायस्थले पुस्तकले भक्तपुरको कला र संस्कृतिको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्दै लेखकमा दिगो विकासप्रति दूरदर्शी सोच रहेको बताउनुभयो ।

आर्किटेक्ट रविना शिल्पकारले भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वबारे प्रकाश पार्दै भक्तपुरमा वर्षभरि हरेक महिनाजसो जात्रा, पूजा तथा सांस्कृतिक पर्वहरू मनाइने भएकाले यी सम्पदाहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका ९ न. वडा अध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।


## हार्दिक श्रद्धाञ्जली



जन्म
२०००/०३/२२

निधन
२०८२/१२/२३

ख्वप मा.वि.का शिक्षक जगदीशचन्द्र घिमिरेका पूजनीय पिता **हृदयनाथ घिमिरेको** असामयिक निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**ख्वप मा.वि. परिवार**
देकोचा-६, भक्तपुर

## हार्दिक श्रद्धाञ्जली



जन्म
२०६०/०२/०५

निधन
२०८२/१२/१८

ख्वप कलेजमा व्यवस्थापन सङ्कायअन्तर्गत बी.बी.एस. तेस्रो वर्ष (२०८० भर्ना समूह) मा अध्ययनरत विद्यार्थी **प्रज्वल श्रेष्ठको** असामयिक निधन भएकोमा ख्वप कलेज परिवार दुःख व्यक्त गर्दै दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**ख्वप कलेज परिवार**
देकोचा-६, भक्तपुर


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप माध्यमिक विद्यालय

भ.न.पा. ६, देकोचा, भक्तपुर

## अनलाइन बोलपत्र तथा दरभाउपत्र आह्वानको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८२/१२/३०**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयका लागि Networking Infrastructure/Device and its Allied work र आँखी झ्याल खरिद गर्नुपर्ने भएकोले बोलपत्र/दरभाउपत्रको Bid Document मा तोकिएको Specification अनुसारका इजाजत प्राप्त फर्म कम्पनीहरूले इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, २०८१/८२ को करचुक्ता प्रमाणपत्रसमेत संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको webportal (www.bolpatra.gov.np/egp) मार्फत Online Bid Submission गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| S.N. | Contract ID | Description | Bid fee (NCB) | Bid Security Amount |
|---|---|---|---|---|
| 1. | Khwopass/NCB/Goods/ NW/082/83 | Supply, Delivery, Installation, Commissioning and configuation of Network Infrastructure/Device and its Allied Work | 3000.00 | 87,000.00 |

| S.N. | Contract ID | Description | Bid fee (Sealed Quotation) | Bid Security Amount |
|---|---|---|---|---|
| 1. | Khwopass/SQ/Goods /LW/082/83 | Supply, Delivery and Fixing of Carved Salwood Lattice Window | 1000.00 | 35000.00 |

**बैङ्कको नाम** : नेपाल बैङ्क लिमिटेड, कमलविनायक, भक्तपुर शाखा, **खातावालाको नाम**: ख्वप माध्यमिक विद्यालय
**फाराम शुल्क जम्मा गर्ने आम्दानी खाता नं.**: ०१९००१०००२३९८८००००१
**धरौटी रकम जम्मा गर्ने खाता नं.**: ०१९००१०००२४००९००००१
**बोलपत्रको प्रिबिड मिटिङ हुने मिति/समय** : २०८३/०१/२१ गते, दिउँसो १३:०० बजे
**बोलपत्र फाराम पेस गर्ने अन्तिम मिति/समय** : २०८३/०१/३० गते, दिउँसो १२:०० बजेसम्म
**बोलपत्र खोल्ने मिति/समय** : २०८३/०१/३० गते, दिउँसो १३:०० बजे
**दरभाउपत्र पेस गर्ने अन्तिम मिति/समय** : २०८३/०१/१५ गते, दिउँसो १२:०० बजेसम्म
**दरभाउपत्र खोल्ने मिति/समय** : २०८३/०१/१५ गते, दिउँसो १३:०० बजे

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा